
का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ माघ २०७९,
आइतबार
5 February 2023,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक ११ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# 'सेफ साइड'मा प्रचण्ड

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, २१ माघ ।

शनिवार नेकपा माओवादी केन्द्रको स्थायी समितिको बैठक थियो । बैठकमा नेताहरुले पाँचै वर्ष सरकारको नेतृत्व गर्ने गरी अगाडि बढ्नुपर्ने सुझाव पार्टी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई दिए । प्रचण्डले माहोल बनाउन आग्रह गरे ।

बैठकपछि माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेललाई पत्रकारहरुले रास्वपाले दिएको अल्टिमेटम सकिएकोमा चिन्ता छैन ? भनी प्रश्न गरे । जवाफमा उनले कुनै चिन्ता नरहेको बताए । 'रास्वपाले दिएको अल्टिमेटम सकिएको चिन्ता छैन' भन्ने पत्रकारहरुको प्रश्नमा पौडेलले जवाफ फर्काए, 'केही चिन्ता छैन ।' पौडेलले आधार दिएका छन् संसदीय अंकगणित । किनकि गणित यस्तो छ कि हामी सबैसित सम्पर्कमा, सम्बन्धमा छौं ।' अर्थात, २० सिट रहेको रास्वपाले सरकार नै छाडेपनि आफूहरुलाई असर नपर्ने उनको आशय थियो । पौडेल अगाडि थप्छन्, ' यो गणितलाई सकेसम्म जोगाएर संविधानको स्पिरिट अनुसार जनताको जनमतका आधारमा मिलेर जाने हाम्रो तर्फबाट प्रयत्न रहनेछ ।'

२७५ सदस्यीय प्रतिनिधिसभामा बहुमत सदस्य (१३८ जना सांसद) को समर्थन प्राप्त व्यक्तिले सरकार बनाउन सक्छ । १६९ जना सांसदको समर्थनमा प्रधानमन्त्री नियुक्त प्रचण्डले माघ २६ गते विश्वासको मत लिँदा २६८ मत पाएका थिए । रास्वपा बाहिरिँदा पनि प्रचण्डलाई विश्वासको मत दिने २४८ सांसद कायमै रहन्छन् ।

> एमालेले सरकार छोडेको अवस्थामा कांग्रेस प्रचण्डलाई प्रधानमन्त्री मानेर अगाडि जान तयार देखिन्छ । अर्थात, प्रचण्ड एमालेले साथ छोडे पनि कांग्रेसको साथ पाउनेमा विश्वस्त देखिन्छन् ।

सरकारमा सहभागी दलहरु ख्याल गर्दा पनि २० सिट रहेको रास्वपा बाहिरिए पनि प्रचण्डसँग एमालेको ७८, माओवादी केन्द्रका ३२, राष्ट्रिय प्रजातन्त्र पार्टीका १४ र जनमत पार्टीका ६ जना सांसद प्रचण्डकै पक्षमा रहनेछन् । जसपाका १२, नागरिक उन्मुक्ति पार्टीका ४ र स्वतन्त्रका ३ जना सांसदको साथ प्रचण्डलाई छ । ८९ सिट रहेको कांग्रेस, १० सिट रहेको नेकपा एकीकृत समाजवादी ४ सिट रहेको लोसपाले प्रचण्डलाई विश्वासको मत दिएर पनि प्रतिपक्षमा रहेको बताउँदै आएका छन् । केही गरी प्रचण्डलाई अप्ठ्यारो परे सरकारमा सहभागी हुन कांग्रेस तयार छ । एमालेले सरकार छोडेको अवस्थामा कांग्रेस प्रचण्डलाई प्रधानमन्त्री मानेर अगाडि जान तयार देखिन्छ । अर्थात, प्रचण्ड एमालेले साथ छोडे पनि कांग्रेसको साथ पाउनेमा विश्वस्त देखिन्छन् ।

त्यसैपनि अहिलेको सत्ता गठबन्धन प्रचण्डको चाहना नभएर बाध्यता थियो । तीन तहको चुनावमा सहकार्य गरेको कांग्रेस सहितका दलहरुसँगै प्रचण्ड प्रधानमन्त्री बन्न चाहन्थे । तर सहमतिअनुसार, कांग्रेस सभापति शेरबहादुर देउवा आफूलाई प्रधानमन्त्री बनाउन तयार – बाँकी पृष्ठ २ मा

माधव नेपालको निचोड

# आफैं नजाग्दासम्म पार्टी बन्दैन




> राजनीतिक प्रतिवेदनमा 'चुनावको कार्ययोजना कार्यान्वयन नभएको र केन्द्रीय सदस्यदेखि पदाधिकारीसम्म फिल्ड नगएको' उल्लेख छ । अर्थात, आफ्नै कारणले चुनावी परिणाम अपेक्षित आउन नसकेको उनको निष्कर्ष छ । फेरि पनि आफैं (पार्टीका नेताहरु) नजाग्दासम्म पार्टी नबन्ने अध्यक्ष माधव नेपालको निचोड छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ माघ ।

नेकपा एकीकृत समाजवादीले मंसिर ४ को निर्वाचनमा अपेक्षित परिणाम नआएको भन्दै केही कारण केलाएको छ । जारी केन्द्रीय कमिटी बैठकमा अध्यक्ष माधवकुमार नेपालद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा 'चुनावको कार्ययोजना कार्यान्वयन नभएको र केन्द्रीय सदस्यदेखि पदाधिकारीसम्म फिल्ड नगएको' उल्लेख छ । अर्थात, आफ्नै कारणले चुनावी परिणाम अपेक्षित आउन नसकेको उनको निष्कर्ष छ । फेरि पनि पार्टीका नेताहरु आफैं नजाग्दासम्म पार्टी नबन्ने अध्यक्ष नेपालको निचोड छ ।

चुनावी नतिजा अपेक्षित नहुनुको प्रमुख कारणमा आन्तरिक कारण देखाउँदै पार्टीको सिद्धान्त, कार्यनीति र कार्यदिशा, पार्टीको विकास नीतिलगायत विषयमा प्रशिक्षण दिने, प्रचारलाई व्यवस्थित र प्रभावकारी ढङ्गले अगाडि बढाउन, पार्टी र जनसङ्गठनका हरेक कमिटीले निर्वाचन परिचालनका लागि विशेष आर्थिक कोष निर्माण गर्ने, विभिन्न प्रकारका जनजागरण अभियान सञ्चालन गर्ने र सम्पूर्ण रूपमा निर्वाचनको तयारीमा जुट्ने कार्ययोजना बनाइएकोमा त्यसको कार्यान्वयन नभएको प्रतिवेदनमा लेखिएको छ । त्यस्तै संगठित जनशक्तिसमेत चुनावमा परिचालन नभएको – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# शून्य लागतमा भेटिएको कामदार, व्यवसायी र रोजगारदाताको खुसी र सन्तुष्टि !





**रेशमराज पौडेल/मध्यान्ह**
काठमाडौं, २१ माघ

वैदेशिक रोजगारीका लागि मलेसिया उड्ने दिन राजधानीको भत्केकोपाटीस्थित एक पार्टी प्यालेसमा आएकी पाँचथर फिदिमकी रिमा राई उत्साहित थिइन् । उमेरले ३५ टेकेकी उनी वैदेशिक रोजगारीका लागि मलेसिया उड्नु अघिको पूर्व प्रस्थान ओरियन्टेशन तालिमका लागि उक्त पार्टी प्यालेस पुगेकी थिइन् ।

मलेसिया उनको पहिलो वैदेशिक रोजगार गन्तव्य भने थिएन । यसअघि पनि उनी वैदेशिक रोजगारका लागि कुवेत र कतार गएकी थिइन् । घरमा मिर्गौला पीडित श्रीमान् र बोर्डिङ स्कुलमा पढ्दै गरेका दुई नानीबाबु छोडेर रोजगारीका लागि मलेसिया हिँडेकी राईलाई मलेसिया जान कुनै रकम खर्च गर्नु नपरेपछि ठूलो राहत मिलेको थियो ।

राजधानीको मित्रपार्कस्थित रेन्बो ओभरसिज प्रा.लि.ले मलेसियाको ब्राइट वे होल्डिङ्स एसडिएन बिएचडी (Brighway Holdings SDN BHD), एलए ग्लोब्स (एम) एसडिएन बिएचडी (LaGloves (M) SDN BHD) र बायो प्रो (एम) एसडिएन बिएचडी (BioPro (M) SDN BHD) कम्पनीका लागि फ्रि भिसा, फ्रि टिकटसहित शून्य लागतमा तीन सय कामदारको डिमाण्डको विज्ञापन गरेको थियो । उक्त विज्ञापन देखेपछि त्यसलाई पछ्याउँदै उनी राजधानीको मित्रपार्कस्थित रेन्बो ओभरसिज प्रा.लि. आइन् । पाँचथरबाट काठमाडौंसम्म आउँदा-जाँदा, राहदानी बनाउँदा, होटलमा खाँदा-बस्दा, स्वास्थ्य परीक्षण गर्दाको कुनै खर्च उनलाई लागेन । अघिल्ला दुई पटकको वैदेशिक रोजगारीमा जाने बेलामा जस्तो महँगो ब्याजमा लिएको ऋण सापटीको भारी नभएपछि मन हलुका भएको र त्यसले आफूलाई उत्साहित बनाएको उनले मध्यान्ह दैनिकलाई बताइन् । धनकुटा नगरपालिकाका – बाँकी पृष्ठ २ मा

# मगर समाजको अध्यक्षमा आले



काठमाडौं/मस- नेपाल मगर व्यवसायी समाजको अध्यक्षमा लोटस ह्युमन रिसोर्सेस प्रा.लि.का सञ्चालक पदमबहादुर आले निर्विरोध निर्वाचित भएका छन् । शनिबार राजधानीमा सम्पन्न समाजको नवौं वार्षिक साधारणसभापछि समाजको दुई वर्षे कार्यकालका लागि निर्वाचन भएको हो ।

समाजको प्रथम उपाध्यक्षमा सुन्दर नेपाल ओभरसिज प्रा.लि.का सञ्चालक प्रितमबहादुर थापा मगर, द्वितीय उपाध्यक्षमा गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि.का सञ्चालक मेघबहादुर मगर, तृतीय उपाध्यक्षमा भूगोल ओभरसिज प्रा.लि.का सञ्चालक शिवराज पुन, महासचिवमा फ्रेण्डसिप म्यानपावर कन्सल्ट्यान्सी प्रा.लि.का सञ्चालक ओमबहादुर जर्घा मगर, सचिवमा आकृति रिक्रुटमेन्ट प्रा.लि.का सञ्चालक डिल्लीराम भुजेल, कोषाध्यक्षमा अल रास रिक्रुटमेन्ट सर्भिस प्रा.लि.का सञ्चालिका राधिका आले मगर निर्वाचित भएका छन् ।

कार्यसमिति सदस्यहरूमा स्पेस एचआर सोलुसन प्रा.लि.का सञ्चालक – बाँकी पृष्ठ २ मा

# राष्ट्रियसभा उपाध्यक्षको मनोनयन आज

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २१ माघ ।

आज राष्ट्रियसभा उपाध्यक्षका लागि मनोनयन दर्ता हुँदैछ । दिउँसो १ बजेदेखि ४ बजेसम्म संसद भवन नयाँ बानेश्वरमा उम्मेदवारी दर्ताको कार्यक्रम रहेको छ । आजै अपरान्ह सवा ४ बजे उम्मेदवारको सूची प्रकाशन गर्ने र २३ गते निर्वाचन कार्यक्रम रहेको संघीय संसदका सहायक प्रवक्ता दशरथ धमलाले जानकारी दिए ।

यसअघि राष्ट्रियसभा उपाध्यक्ष रहेकी शशीकला दाहालको कार्यकाल सकिएपछि उपाध्यक्ष पद खाली रहेको थियो । २०७५ साल असार ४ गते राष्ट्रियसभाका सदस्यहरुको कार्यकालका लागि भएको गोलाप्रथामा उपाध्यक्ष दाहाललाई ४ वर्षे कार्यकालको चिट्ठा परेको थियो ।

खाली रहेको पदमा सत्ता साझेदार दलहरुले राष्ट्रिय सभाको उपाध्यक्षमा उर्मिला अर्याललाई उठाउने भएको छ । नेताहरुका अनुसार माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अर्याललाई मन्त्री बन्न प्रस्ताव गरेका थिए । तर, उनले अस्वीकार गरिदिइन् । त्यसपछि प्रचण्डले नै अर्याललाई राष्ट्रिय सभाको उपाध्यक्षको जिम्मेवार लिन आग्रह गरेका छन् । भागवण्डामा माओवादीको भागमा परेको उपाध्यक्षमा माओवादीले अर्याललाई अगाडि सारेको हो ।

५९ सदस्यीय राष्ट्रियसभामा एमाले र माओवादी सम्मिलित सत्ता साझेदार दलहरुको बहुमत छ । प्रतिपक्षी दल नेपाली कांग्रेसले राष्ट्रिय सभा उपाध्यक्षको उम्मेदवारको टुंगो लगाएका छैनन् । तर, सत्ता साझेदार दलहरुले अर्यालको नाम टुंगो लगाएको हो ।

अर्याल नेकपा एमालेबाट राजनीतिमा आएकी नेता हुन् । झलनाथ खनाल नेतृत्वको एमाले-एमाओवादी सरकारमा उनी स्थानीय विकास मन्त्री समेत भएकी थिइन् । नेकपा मसाल पृष्ठभूमिकी उनी २०४७ सालसम्म महिला विकास अधिकृत थिइन् । महिला विकास अधिकृतबाट राजीनामा दिएर ०४८ सालमा एमाले प्रवेश गरेकी थिइन् । एमालेमा प्रवेशपछि उनी सांसद, मन्त्री र पार्टीको पनि महत्वपूर्ण जिम्मेवारीमा थिइन् ।

माओवादीमा प्रवेश गरेपछि ओझेलमा पर्दै आएकी अर्याललाई प्रधानमन्त्री प्रचण्डले मन्त्री नै बनाउन – बाँकी पृष्ठ २ मा

## सेफ...

नभएपछि १० पुसमा एकाएक नयाँ समिकरण बन्यो । माओवादीका एक पदाधिकारी, बाध्यतामा बनेको गठबन्धनलाई समेत सहज रुपमा चल्न नदिने प्रयास भइरहेको बताउँछन् । 'कांग्रेसले राष्ट्रपति र प्रधानमन्त्री दुबै छाड्दैनौं भनेपछि विकल्प खोजेका हौं', ती पदाधिकारील भने, 'यो गठबन्धनमा सम्हालिएर हिड्नुपर्ने थियो, तर हिँड्न दिइएन ।' उसैपनि प्रचण्ड र ओलीबीच मिलनभन्दा कटुता लामो छ। तत्कालीन नेकपा विभाजनअघि एकाअर्कालाई संघीन आरोप लगाउने गरेका दुई नेताले पछिल्ला दुई वर्ष एकअर्काविरुद्ध मोर्चाबन्दी गरेका थिए । त्यसैले १० पुसमा एकाएक सहकार्य थाल्दा पनि एकअर्काबीच आशंका कायमै थियो। अझ सरकार गठनसँगै ओलीले एकपछि अर्को गर्दै त्यसलाई बढाएको माओवादी नेताहरुको आरोप छ । उनीहरुका अनुसार, प्रतिनिधिसभाको पहिलो बैठक (२५ पुस) पुसमा ओलीले आफूले गरेको प्रतिनिभिसभा विघटन सही भएको पुष्टि गर्न खोजे, जुन माओवादी नेताहरुका लागि पहिलो गाँसमै ढुंगा हुन पुग्यो । किनकि यसबारे दुबै दलको धारणा अलग अलग थियो र सरकार गठन गर्दा कुनै छलफल भएको थिएन ।

तर ओलीले त्यसपछि पनि लगातार प्रतिनिधिसभा विघटनको वकालत गर्न नछोडेपछि अरु दलहरुले प्रधानमन्त्री प्रचण्डलाई प्रश्न गर्ने ठाउँ पाए । मन्त्रिपरिषद् विस्तारका क्रममा पनि ओलीले असहयोग गरेको उनीहरुको आरोप छ । माओवादी गृह वा अर्थमन्त्री मध्ये एक मन्त्रालय आफूसँगै राख्न चाहन्थ्यो । तर अर्थ मन्त्रालय आफूले लिएर गृह मन्त्रालय रास्वपालाई दिलाउन ओलीले भूमिका खेलेको एक पदाधिकारी बताउँछन् । रवि लामिछाने पार्टी सभापति पनि भएकाले 'विशिष्ट परिस्थिति' मानेर स्वीकार गरेको ती पदाधिकारी बताउँछन् । त्यसपछि पनि ओलीले निरन्तर अठ्यारोमा पारेको माओवादी नेताहरुको गुनासो छ ।

एमाले र माओवादी नेताहरुका अनुसार, प्रचण्ड बढी फस्किएको चाहिँ सभामुख र राष्ट्रपतिमा हो । एमालेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, सचिव छविलाल विश्वकर्मा लगायतले सभामुखमा चाहना राखेका थिए । तर ओलीले विश्वास पात्र, देवराज घिमिरेलाई सभामुख बनाए । प्रधानमन्त्री र सभामुखमा आलोपालो गर्ने सहमति भएका कारण प्रचण्डले केही भन्न सकेनन् ।

राष्ट्रपतिमा पनि विष्णु रिमाल, डोमरणि पौडेल, गुरु बराल लगायत नेताहरुको नाम आउन थालेपछि प्रचण्ड, ओलीसँग थप संशकित हुन पुगेको नेताहरु बताउँछन् । त्यही बेला नागरिकता विवादका कारण रविको सांसद पद खारेज भएपछि विवाद थप पेचिलो बन्न पुग्यो । 'प्रचण्डलाई प्रधानमन्त्री बनाएपछि त उहाँकै वरिपरि चल्नु पर्यो नि,' माओवादी केन्द्रका एक पदाधिकारी भन्छन्, 'ओलीजीले बढ्तै खेल्न खोज्नुभयो ।' धेरै दबाव दिए हिजो ओलीले भोगेकै नियति भोग्नुपर्ने भन्दै माओवादीका ती नेता भन्छन्, 'माओवादी सेफ साइडमा छ ।'

## माधव...

अध्यक्ष नेपालले प्रतिवेदनमा उल्लेख गरेका छन् ।

'पार्टी र विभिन्न जनसंगठनका कमिटीहरूमा संगठित १६६४२६ जना र विभिन्न जनसङ्गठन, पेशागत सङ्गठन, सामुदायिक सङ्गठन र प्रवासी सङ्गठनमा समेत सङ्गठित जन शक्ति सानो थिएन तर त्यो परिचालित भएन', नेपालले भनेका छन् ।

पार्टी केन्द्रीय कमिटीका सदस्यहरू, केन्द्रीय आयोगका पदाधिकारी तथा सदस्यहरू, केन्द्रीय सल्लाहकार परिषद् र ज्येष्ठ कम्युनिष्ट मञ्चका सदस्यहरू, केन्द्रीय परिषद्का सदस्यहरू र जनवर्गीय सङ्गठनका केन्द्रीय पदाधिकारी एवं सदस्यहरू सबै एउटा निश्चित निर्वाचन क्षेत्रमा केन्द्रीत भएर काम गर्न निर्देशन गरिएकोमा उनीहरू पनि चुनावी अभियानमा नगएको नेकपा एकीकृत समाजवादीको प्रतिवेदनमा लेखिएको छ । आफूहरूले गठबन्धनका अन्य दलका उम्मेदवारलाई पूर्ण सहयोग गरेपनि कांग्रेस र माओवादी केन्द्रकाले धेरै ठाउँमा नेकपा एसका उम्मेदवारलाई असहयोग गरेको पनि निष्कर्ष निकालिएको छ ।

'खासगरी नेपाली कांग्रेस र माओवादी केन्द्रबाट धेरै निर्वाचन क्षेत्रमा हाम्रा उम्मेदवारहरूलाई पूर्ण सहयोग भएन । उक्त दुवै पार्टीले गठबन्धनबाट हाम्रो पार्टीलाई छुट्याइएका केही क्षेत्रमा पार्टीको टिकटमा नै उम्मेदवार उठाएका थिए भने धेरै क्षेत्रमा तिनै पार्टीबाट बागी उम्मेदवार खडा भएका थिए। कतिपय क्षेत्रमा हाम्रो प्रतिस्पर्धामा रहेका उम्मेदवारलाई मत दिने काम समेत भएको थियो', प्रतिवेदन भन्छ।

प्रत्यक्षमा उम्मेदवार नहुँदा समानुपातिकमा मत माग्न लहर सिर्जना गर्न नसकिएको पनि नेपालले उल्लेख गरेका छन् ।

रूपन्देही २ का उम्मेदवारको उम्मेदवारी खारेज गरेको तर त्यस्तै प्रकृतिको मुद्दा लागेका अन्य पार्टीका उम्मेदवारको भने उम्मेदवारी खारेज नगर्ने, अध्यक्ष (माधव नेपाल) लगायत अन्यलाई स्पष्टीकरण सोध्नेजस्ता कार्यले निर्वाचन आयोग पार्टीविरुद्ध ज्यान छाडेर लागेको दाबी प्रतिवेदनमा गरिएको छ ।

यसका बाबजुद संघीय संसदमा १० जना र प्रदेशमा १५ प्रत्यक्ष समानुपातिक ९ गरी २४ जना निर्वाचित भएकालाई उपलब्धी मान्दै उक्त पार्टीले पूराना दलहरू रूपान्तरित नहुने हो र परम्परागत ढङ्गले नै चल्ने हो भने आकर्षण घट्दै जाने शिक्षा पाएको भनेको छ ।

अध्यक्ष नेपालले पार्टी कामलाई व्यवस्थित ढंगले सञ्चालन गर्न स्पष्ट कार्ययोजनाको खाँचो पनि औंल्याएका छन् ।

## शून्य...

विवेक विक पनि मलेसियाको सोही कम्पनीमा जान आएका थिए । शून्य लागतमा आकर्षक तलब पाउने मलेसियाको ग्लोब्स कम्पनीमा जान पाएपछि उनी पनि दंग थिए । यसअघि वैदेशिक रोजगारीमा जाँदा एजेन्टलाई ठूलो रकम बुझाएका विकले मलेसिया जान साढे दुई लाख रूपैयाँभन्दा बढी खर्च गर्नुपर्ने साथीहरूबाट सुनेका थिए । तर रेन्बो ओभरसिजमार्फत जाँदा एक रूपैयाँसमेत तिर्नु नपरेको र उल्टै काठमाडौंसम्म आउँदा-जाँदा, राहदानी बनाउँदा, होटलमा खाँदा-बस्दा, स्वास्थ्य परीक्षण गर्दाको खर्च समेत कम्पनीले तिरिदिने भएपछि उनको पनि मन हलुका भएको थियो ।

शुरूमा त उनले विश्वास नै गरेनन् । मलेसियामा काम गर्ने आफन्तले उक्त ग्लोब्स कम्पनीले नेपालबाट शून्य लागतमा कामदार लैजाने भएकाले मौका नगुमाउन पटकपटक खबर गरेका थिए। सोहीअनुसार उनी म्यानपावर कम्पनी पुगी अन्तर्वार्ता दिएर छनोट भए । छनोट प्रक्रिया पारदर्शी र कुनै रकम नलागेको बताउँदै विकले भने, 'सरहरूले तिमीलाई चाहिने व्यक्तिगत सरसामान किन्न बाहेक कहींकतै एक पैसा पनि बुझाउनु पर्दैन भन्नुभएको छ, मैले आफ्नो रूचीका व्यक्तिगत सामानमा बाहेक रोजगारीका लागि केही खर्च गर्नु परेन ।'

उदयपुर गाईघाट वडा नं .४ का भेकबहादुर पौडेल (विष्णु) उक्त कम्पनीमा रोजगारीमा जान लागेको १५ वर्ष भयो । कोरोना महामारीका कारण घर आएका उनी छुट्टि सकिएको तर कोरोना महामारी नसिकिएको कारणले कम्पनीमा फर्किन पाएनन् । राम्रो कम्पनी भएका कारण अनुभवी र पुरानो भए पनि उनी यसपटक नयाँ कामदारका रूपमा पुरानै कम्पनीमा जाने निधोमा पुगेका हुन् । पौडेल कम्पनी राम्रो भएका कारण आफू १५ वर्षदेखि सोही कम्पनीमा निरन्तर काम गरिरहेको बताउँछन् । कोरोना महामारी अघि उक्त ग्लोब्स कम्पनीमा ७ हजारभन्दा बढी नेपाली कार्यरत रहेकोमा हाल पनि २ सय २० जनाले काम गरिरहेका छन् ।

तीन ग्लोब्स कम्पनीले शून्य लागतमा यसै वर्ष नेपालबाट कम्तिमा ७ सय कामदार लैजाने योजना रहेको बताइएको छ । त्यसमध्ये छनोट भएका ३ सयमध्ये गत बिहीबार कम्पनीले जहाज नै चार्टर्ड गरेर १ सय ८० जना कामदार लगेको छ। उनीहरूमध्ये पुरूष कामदारले प्रोडक्शन अर्थात् उत्पादन र महिला कामदारले प्याकेजिङको काम गर्ने गरी सम्झौता गरिएको छ।

कारोनाविरूद्धको खोप उपलब्ध भएपछि मलेसियाको अर्थतन्त्र कोरोनाअघिको अवस्थामा फर्किंदै छ । रबरमा आधारित मेडिकल उपकरण, इलेक्ट्रोनिक्स सामग्री र पाम आयल निर्यात गर्ने मलेसियाका केही बहुराष्ट्रिय कम्पनीमाथि कोरोना महामारी शुरू हुनु अघिदेखि नै आप्रवासी कामदारको बासस्थान तथा भर्ना प्रक्रियामा अन्तर्राष्ट्रिय मापदण्ड पालना नगरिएको भन्दै दबाब थियो। अमेरिका, क्यानडा, जर्मनी र अष्ट्रेलिया जस्ता देशले मलेसियाका उत्पादन आयात नगर्ने भन्दै दबाब नै दिएका थिए। उनीहरूको दबाबपछि ग्लोब्स र इलेक्ट्रोनिक्स सामान उत्पादन र निर्यात गर्ने कम्पनीहरूले 'रेस्पोन्सिबल बिजनेस एलाइन्स' (आरबीए) अन्तरगत शून्य लागतमा विदेशी कामदार लैजान शुरूवात गरेका छन् ।

नेपाल र मलेसियाबीच सन् २०१८ मा भएको श्रम सम्झौताअनुसार पनि ग्लोब्स, इलेक्ट्रोनिक्स कम्पनी र प्लान्टेसन क्षेत्रका रोजगारदाताले इम्प्लोइमेन्ट पे मोडेलअनुसार शून्य लागतमा नेपाली कामदार लैजानुपर्ने व्यवस्था गरेको छ। मलेसियाको श्रम कानूनले पनि कामदारसँग कुनै पनि प्रकारको भर्ना शुल्क उठाउन नपाइने व्यवस्था गरेको छ ।

जनचेतनाको कमी वा स्थानीय एजेन्ट माथिको परम्परागत विश्वासका कारण नेपालबाट वैदेशिक रोजगारमा जाने युवायुवती सिधै म्यानपावर कम्पनीको सम्पर्कमा आउने वातावरण बनेको छैन। मलेसियाका ग्लोब्स उत्पादन गर्ने तीन कम्पनीमा शून्य लागतमा तीन सय कामदार पठाउने डिमाण्ड लिएको रेन्बो ओभरसिज प्रा.लि.का सञ्चालक कमल पुरी कामदार छनोट तथा भर्नाको प्रक्रियामा एजेन्ट वा बिचौलियाको संलग्नता नहोस् भनेर अत्यन्तै उच्च सतर्कता अपनाइएको बताउँछन् ।

उक्त कम्पनीले गत कात्तिकमा नै शून्य लागतमा कामदार पठाउन तीन सय कामदारको डिमाण्ड ल्याएको थियो । तर कामदार छनोट गरेर उडाउन समय लाग्यो । म्यानपावर सञ्चालक पुरीले मध्यान्हसँग भने, 'कामदार छनोट प्रक्रिया निष्पक्ष हुनुपर्ने र कुनै पनि अवस्थामा एजेन्टको संलग्नता हुन नहुने सुनिश्चित गर्नमा नै करिब तीन महिनाको समय लाग्यो । अन्तर्वार्ता गरी छनोटको अन्तिम अवस्थामा पुऱ्याएका थियौं, कता कताबाट एजेन्ट छिरेको शंका लाग्यो, त्यसपछि पुनः अन्तर्वार्ता गर्नु पऱ्यो ।'

सञ्चालक पुरीले कामदार छनोटका सबै चरणमा मलेसियास्थित कम्पनीका प्रतिनिधि सहभागी भएको जानकारी दिए । सञ्चालक पुरीले आफ्नो कम्पनीले सरकारको नीति, नियम र चाहनाबमोजिम शून्य लागतमा कामदार पठाउन पाएकोमा गौरव र सन्तुष्टि महसुस भएको बताए । छनोट भएका कामदार मलेसिया जानुअघि प्रि-डिपार्चर ओरियन्टेशनमा पनि कम्पनीका ग्रुप म्यानेजिङ डाइरेक्टर डा. भास्करन उपस्थित थिए । उनले भर्ना प्रक्रियामा कम्पनीले दिएको मापदण्डअनुसार रेन्बो ओभरसिज प्रा.लि.ले तोकिएको जिम्मेवारी व्यावसायिक मान्यताभित्र रहेर पूर्णरूपमा पारदर्शी र निष्पक्ष तरीकाले कामदार छनोट गरी पठाएको भन्दै रेन्बो ओभरसिजले व्यावसायिक दायित्व पूरा गरेको बताए। उनले रेन्बो ओभरसिजसँग कम्पनीको सहकार्य जारी रहने बताए। डा. भास्करनले आप्रवासी कामदारका सेवा, सुविधा तथा अधिकारका सवालमा आफ्नो कम्पनी सचेत रहेको भन्दै करारअनुसार नेपाली कामदारले सबै सुविधा पाउने बताए । उनले कोरोनाको समयमा मलेसियामा आप्रवासी कामदारको बासस्थानका बारेमा केही गुनासो देखिएको भए पनि हाल ती सबै पक्षमा सुधार गरिएको कारण प्रश्न उठाउने ठाउँ नरहेको बताए ।

उनले भने, 'हाम्रो कम्पनी आप्रवासी कामदारका अधिकारका पक्षमा सचेत छ, कम्पनीभित्र नेपाली कामदारका लागि शिव भगवानको मन्दिर पनि बनाएका छौं । नेपालबाट कामदार लैजान थालेको १५ वर्ष भयो, अहिलेसम्म कुनै गुनासो आएको छैन।' उनले मिहेनती र अनुशासित व्यवहारका कारण आफूहरूले नेपाली कामदारप्रति भरोसा गर्ने बताए ।

## मगर...

कृष्णबहादुर राना मगर, गुरूङ मगर ओभरसिज प्रा.लि.का सञ्चालक विरेन्द्र राना मगर, कालिञ्चोक एच.आर. प्रा.लि.की सञ्चालिका धनु सिञ्जाली र मनकामना फरेन इम्प्लोइमेन्ट प्रा.लि.की सञ्चालिका ज्ञानु थापा निर्वाचित भएका छन् ।

साधारणसभाले संघको वार्षिक प्रतिवेदन, सांगठनिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन सर्वसम्मतिले पारित गरेको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका नवनिर्वाचित अध्यक्ष राजेन्द्र भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वैदेशिक रोजगार व्यवसायी तमुधीं समाजका अध्यक्ष तीर्थबहादुर गुरूङ, नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाजका अध्यक्ष किशन प्रधान, महासचिव देवेन्द्र नारायण श्रेष्ठ, नेपाल वैदेशिक रोजगार व्यवसायी तामाङ समाजका अध्यक्ष मीनबहादुर तामाङ, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छा दोर्जे डिङदोङले साधारण सभा सफलता र नवनिर्वाचित कार्यसमितिको सफलताको कामना गरे ।

समाजका निवर्तमान अध्यक्ष खडकसिंह आले मगरको सभापतित्वमा सम्पन्न कार्यक्रममा निवर्तमान प्रथम उपाध्यक्ष तथा नवनिर्वाचित अध्यक्ष आलेले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रमको सञ्चालन महासचिव जर्घाले गरेका थिए ।

कार्यक्रममा शुभकामना मन्तव्य राख्दै वैदेशिक रोजगार व्यवसायीहरूले अनधिकृत युट्युबर हरूले सिर्जना गरेको अशान्ति र असुरक्षा, साउदी दूतावास समस्या, मागपत्र प्रमाणीकरणमा रहेको पक्षपात र भेदभाव रोक्न, सेवा शुल्क परिमार्जन, वैदेशिक रोजगार ऐनको संशोधनलगायतका विषयमा संघका अध्यक्ष भण्डारीको ध्यानाकर्षण गराउँदै व्यवसायी एकताका पक्षमा काम गर्न आग्रह गरे ।

जवाफमा अध्यक्ष भण्डारीले भण्डारीले आफू संघलाई संस्थागत पद्धतिमा सञ्चालन गरी पूर्वअध्यक्षहरू समेतलाई राखी छलफल गरेर अघि बढ्न चाहेको बताए। उनले सेवा शुल्क परिमार्जन व्यवसायीको पहिलो एजेण्डा भएकाले कामदारले एक महिनाको तलब बराबरको रकम लिन पाउने व्यवस्थाका लागि सरकारी पक्षलाई दबाब दिने बताए ।

नेपालबाट प्रत्येक वर्ष ५ लाख युवायुवती वैधानिकरूपमा वैदेशिक रोजगारीमा गएकाले वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित गरे वार्षिक तीन खर्ब रूपैयाँ कर उठ्ने अवस्था चित्रण गर्दै अध्यक्ष भण्डारीले देशको अर्थतन्त्रमा ३० प्रतिशत योगदान दिने व्यवसायी समाजको केन्द्रमा हुनुपर्नेमा नकारात्मक अवस्था सिर्जना हुनु दुखद् भएको बताए । समाजमा नकारात्मक धारणा बन्नुको उत्तर खोज्दा त्यसको उत्तर वैदेशिक रोजगार ऐन २०६४ मा देखिएकाले त्यसको संशोधनमा मात्रै वास्तविक समाधान भएकोले ऐन परिमार्जनका लागि पहल गर्ने उल्लेख गरे ।

ऐनका कतिपय व्यवस्थालाई तोडमरोड गरी दुरुपयोग गरेर कर्मचारी, नागरिक समाज र अन्य पक्षले व्यवसायीको बद्नाम गरेको

भन्दै अध्यक्ष भण्डारीले ऐनमा इजाजतपत्र नवीकरण गर्न वार्षिक सय जना कामदार पठाउनुपर्ने व्यवस्था अन्यायपूर्ण भएकोले त्यसमा परिमार्जन गरिनुपर्ने संघको अडान रहेको उल्लेख गरे । उनले ऐनमा रहेको संख्या सयको प्रावधान संशोधन गर्न रायका लागि यसअघि श्रम मन्त्रालयबाट गएको फाइल कानून मन्त्रालयले विधि प्रक्रिया नपुगेको भन्दै पुनः श्रम मन्त्रालयमा नै फर्काएको बताए । असार मसान्तसम्म ऐन संशोधन नभएको अवस्थामा आधा व्यवसायीको इजाजतपत्र नवीकरण नहुने खतरा रहेकोले त्यसका लागि पनि गम्भीरताका साथ काम गर्ने योजना बनाएको अध्यक्ष भण्डारीले बताए ।

वैदेशिक रोजगारमा गएका कामदारमध्ये समस्यामा पर्ने कामदारको संख्या एक प्रतिशतभन्दा कम रहेको वैदेशिक रोजगार विभागको तथ्यांक रहेको भन्दै अध्यक्ष भण्डारीले केही एनजीओ, आईएनजीओहरु आफ्नो स्वार्थपूर्तिको खेलोमेलोमा लागेको र हिजोका टोले गुण्डाहरू क्यामरा लिएर व्यवसायीका कार्यालय छिर्ने दुश्प्रयास गरेकाले उनीहरूलाई रोकी सहजरूपमा व्यवसाय गर्ने वातावरण निर्माण गर्ने प्रतिवद्धता जनाए ।

कार्यक्रममा समाजलाई सहयोग गर्ने गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि.का सञ्चालक समाजका सदस्य मेघबहादुर मगर, ब्लुलिंक प्लेसमेन्ट सोलुसन प्रा.लि.का सञ्चालक कृतिमान मगर र दि ग्लोबल रिक्रुटमेन्ट ऐजेन्सी प्रा.लि.का सञ्चालक बाबुलाल मगर नरेन्द्रलाई सम्मान गरिएको थियो । खडकसिंह आले मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रम समाजका महासचिव ओम जर्घा मगरले सञ्चालन गरेका थिए ।

## राष्ट्रियसभा...

चाहेका थिए। तर 'लो प्रोफाइलमा बसेर काम गर्न रुचाउने' भन्दै उनले मन्त्री बन्न अस्वीकार गरेकी थिइन्। उनै अर्याललाई माओवादीले राष्ट्रिय सभाको उपाध्यक्षको उम्मेदवारको रुपमा अगाडि सारेको हो । उनी गत वर्ष भएको राष्ट्रियसभाको चुनावमा मधेश प्रदेशबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएकी थिइन् । राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनालाई भने पहिलो पटक निर्वाचित हुँदा गोलाप्रथा गर्दा ६ वर्षको चिट्ठा परेका कारण उनको अझै १ वर्ष कार्यकाल बाँकी रहेको छ ।


# BAHRAIN मा रोजगार

कम्पनी: BEAUTY BY J SALON & SPA
शहर: Bahrain

पूर्व स्वीकृत मिति: २०७९/१०/१९ | चलानी नं.: ६०१९६०१७ | LT. No.:280476

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 4 | सम्बन्धित काममा दक्ष | 150 | ५१,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairdresser | 0 | 2 | | 150 | ५१,९७८ | | | | | | | |
| 3. | Massage & Facial Herapists (Masseur) | 0 | 2 | | 150 | ५१,९७८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २९ गते (12 Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. No: 335/059/060
**Tiger Overseas Employment Services Pvt. Ltd.**
Dhumbarahi, Kathmandu, 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np



# कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Sky Overseas Services Pvt.Ltd. (Lic. No.:123/055/56) मा कार्यरत कर्मचारीलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन ।

| S.n. | Name Of Staff | Position |
|---|---|---|
| 1 | Nirvana Darshan | Asst Manager |
| 2 | Sangita Tamang | Secretary |
| 3 | Manisha Pal | Secretary |
| 4 | Kabita Adhikari | Cashier |
| 5 | Manisha Koirala | Consultant |

**स्काई ओभरसिज सर्भिसेज प्रा.लि.**
"Right Person in Right Place at Right Time"
महानगरीय प्रहरी वृतको ठीक पारी पट्टीको चुनदेवी मार्ग, महाराजगञ्ज, काठमाडौं
फोन नं. : ०१ ४३७७६६६, ४३७०६६३, ४३७९०३४ (हन्टिङ लाईन)
ई-मेल: hrd@skyoverseas.com, hrd1@skyoverseas.com
ईजाजत नं. १२३/०५५/५६



# कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस *Universal H.R. Solution Pvt. Ltd.* श्रम इजाजत पत्र न. १२०९/०७३/०७४ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.न. | नाम | पद | नागरिकता नं. | ठेगाना |
|---|---|---|---|---|
| 1 | Shashi Mainali | Documentation | 1060/104811 | Terhathum |
| 2 | Ashreeta Gurung | Front Desk | 20-01-75-02039 | Sindhuli |
| 3 | Ngem Tarbu Sherpa | S.Guard | Pp No. 08858539 | Taplejung |

**UNIVERSAL H.R. SOLUTION PVT. LTD.**
Govt. Lic. No. 1209/073/074
Baneshwor, Milan Chowk 31, Kathmandu, Tel.: 01- 4493365, 4493465
Email: info@universalhrsolution.com Mob.: 9851173837, URL:www.universalhrsolution.com



# कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार ब्यवसाय संचालन गर्न इजाजत प्राप्त यस *Alliance Human Resource Pvt. Ltd.* श्रम इजाजत पत्र न. ६९०/०६३/०६४ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.न. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | सन्जय कुमार बास्कोटा | एडमिन अफिसर | सर्लाही |
| २ | कन्चन चौधरी | डकुमेन्टेसन | चितवन |
| ३ | केशव लामिछाने | श्रम प्रतिनिधि | झापा |
| ४ | प्रिति थापा श्रेष्ठ | बिजनेश डेभलपमेन्ट अफिसर | ललितपुर |

**Alliance Human Resources Pvt. Ltd.**
Govt. Licence: 690/063/064
Sinamangal-9, Kathmandu, Nepal | Tel: 01-4487850, 4494627 | Fax: 01-4462344
Email:- info@alliancenepal.com, cv@alliancenepal.com | www.alliancenepal.com



# कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Jerry Varghese Global Recruitment Services Pvt.Ltd. (Lic.No.:447/060/61)मा कार्यरत कर्मचारीलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन ।

| S.n. | Name Of Staff | Position |
|---|---|---|
| 1 | Rajat Bhadra | Asst Manager |
| 2 | Laxmi Dangol | Secretary |
| 3 | Ashmita Tamang | Front Desk Staff |

**जेरी भर्घिज ग्लोबल रिक्रुटमेन्ट सर्भिसेज प्रा. लि.**
"TRUSTED PARTNERS FOR OVERSEAS JOBS WITH LOWEST SERVICE FEES"
महानगरीय प्रहरी वृत्तको ठीक पारी पट्टीको चुनदेवी मार्ग, का.म.पा.वडा नं. ४, महाराजगञ्ज, काठमाडौं
फोन नं. : ०१ ४३७३०९९, ४३७७६६६, ई-मेल : jvgrsnepal1@gmail.com



# कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **होप इन्टरनेशनल प्रा. लि. श्रम इजाजत पत्र न. ८५७/०६६/६७** मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| S.N. | Name of Staffs | Position | Citizen No. |
|---|---|---|---|
| 1. | Gopal Krishna Thapa Magar | Office Assistant | 1533/1879 |
| 2. | Prakash Bhandari | Manager | 711651359 |
| 3. | Gulsan Raj Khadka | Assistant Manager | 69711647 |
| 4. | Prabhakar Bista | Public Relation Officer | 71480 |
| 5. | Pooja Shrestha | Office Secretary | 27-01-7207141 |
| 6. | Durga Kumar Basnet | Office Assistant | 2167/87 |
| 7. | Shree Govinda Maharjan | Organization Representative | 1225/067/1/2 |

**होप इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ८५७/०६६/०६७
रानीबारी, लाजिम्पाट, काठमाडौं
Tel.: 01-4002151, 01-4002139



# Sirijangha Rural Municipality
## Office of The Rural Municipal Executive
Tellok, Taplejung

## Invitation for Online Bids

First Date of publication: - 2079/10/22 (05th – Feb. 2023)

1. **Sirijangha Rural Municipality, Tellok, Taplejung** invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelope procedure.

| SN | Description of Works | Contract Identi-fication No. | Estimate Amount NRs (With VAT, PS & Contingency | Bid Security (NRs) | Bid Document Fee | Bid Submission Date | Bid Open-ing Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Six(6) Roads at Differents Location Within Sirijangha Rural Municipality Ward No. 1 & 2, | NCB/Works/ Roads/ SRM/07/2079/080 | 50,17,180.46 | 1,40,000.00 | 3,000.00 | 2079/10/29 12 Feb 2023 Noon 12:00 | 2079/10/29 12 Feb 2023 Noon 13:00 | 90 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sirijangha Rural Municipality, Tellok, Taplejung, Facsimile no: 9841710119** or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# कर्णाली प्रदेश सभा स्थापनाको पाँच वर्ष पूरा
# ५३ विधेयक प्रमाणीकरण

**कलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २१ माघ



कर्णाली प्रदेश सभा स्थापना भएको शनिबार पाँच वर्ष पूरा भएको छ। २०७४ साल माघ २१ गते प्रदेश सभाको स्थापना भएको हो । सोही दिनलाई आधार मान्दै हरेक वर्ष भव्यताका साथ दिवस मनाईने गरिएको छ। पाँच वर्ष पूरा भई छैटौ वर्षमा प्रवेश गरिरहेको प्रदेश सभालाई सजावट गरिएको छ ।

स्थापना दिवसको अवसरमा भव्य कार्यक्रम, दीप प्रज्वलन, सम्मान लगायतका कार्यक्रम गर्दै दिवस मनाउन लागेको हो । पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकाल प्रवेश गरेको प्रदेश सभाले नयाँ सदस्य, सभामुख र उपसभामुख तथा संसदीय दलका नेता पाइसकेको छ । दोस्रो कार्यकालको प्रदेश सभाको पहिलो अधिवेशनमा ६ वटा बैठक बसेका छन् । बैठकले सभामुख, उपसभामुख निर्वाचित गरिसकेको छ । कर्णाली प्रदेश सभाले पाँच वर्षको अवधिमा ५३ वटा विधेयक प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका छन् । त्यस्तै ६ वटा विधेयक विषयगत समितिमा छलफलका लागि पठाएको छ। ३ वटा विधेयक प्रदेश सभामा दर्ता भई टेबुल हुन बाँकी र दुईवटा प्रक्रियामा रहेको प्रदेश सभा सचिवालयले जानकारी दिएको छ। पहिलो कार्यकालमा २ सय १७ पटक बैठक बसेको थियो । कर्णाली प्रदेश सभाले जनसरोकारसँग सम्बन्धी निर्मित १३ वटा विधेयक र कर्णाली प्रदेश सरकार सञ्चालनसम्बन्धी ४० वटा विधेयक बनाएको छ। ८३ वटा विधेयक दर्ता भएका भएकोमा अध्यादेश ८ वटा, फिर्ता विधेयक ८ वटा र निष्क्रिय विधेयक ३ वटा रहेको छ। अध्यादेश, फिर्ता विधेयक र निष्क्रिय विधेयक बाहेक खुद विधेयक ६४ वटा रहेको छ । कर्णालीमा ४० जना सांसद सदस्यहरूले प्रतिनिधित्व गर्ने गरेका छन्। जसमा २४ प्रत्यक्ष चुनावबाट र १६ जना समानुपातिक प्रतिनिधित्व छ ।

प्रदेश सभाको पहिलो बैठक २०७४ माघ २१ गते ज्येष्ठ सदस्य हिमबहादुर शाहीको अध्यक्षतामा बसी प्रदेश सभाले २०७४ माघ २८ गते सभामुखमा राजबहादुर शाही र २०७४ फागुन ५ गते उपसभामुखमा पुष्पा घर्तीलाई निर्वाचित गरेको थियो । प्रदेश सभाको पहिलोदेखि दशौं अधिवेशनसम्म पुग्दा ५ वर्षको अवधिमा २ सय ८४ घण्टा ५२ मिनेट ५९ सकेण्ड सभा चलेको थियो । कर्णाली प्रदेश सभाको कार्यकालको अन्तिम बैठक २०७९ श्रावण १८ गते बसेको थियो ।

कर्णालीमा ५ वटा दलहरूले प्रतिनिधित्व गर्छन्। २०७४ माघ २१ गते पहिलो प्रदेश सभा बसेको दिनलाई प्रदेश सभा स्थापना दिवसका रुपमा बनाउँदै आएको छ। यस अवसरमा पूर्व माननीय पदाधिकारी र सदस्यहरुलाई सम्मान कार्यक्रम, मायाको चिनोसमेत प्रदान गरिएको प्रदेश सभा सचिवालयका सचिव जीवनराज बुढाथोकीले बताए ।

स्थापना दिवस कार्यक्रममा कर्णाली प्रदेश प्रमुख तिलक परियार, मुख्यमन्त्री राजकुमार शर्मा, सभामुख नन्दा गुरुङ, उपसभामुख यशोदा न्यौपाने, प्रदेशका मन्त्रीहरु, माननीयहरू, पूर्व माननीयहरू, सचिवहरू तथा सुरक्षा निकायका प्रदेश प्रमुखहरू सहभागी रहेका थिए ।

# स्वास्थ्य चौकीको ड्रेन निर्माणमा बेवास्ता

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २१ माघ




हुम्लामा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निर्माण गर्दा भत्किएको स्वास्थ्य चौकीको पानी निकास हुने ड्रेनको अझै निर्माण हुन सकेको छैन । मुख्यमन्त्री रोजगार कार्यक्रम सम्पन्न भएर भुक्तानी लिइसक्दा पनि भत्किएको ड्रेनको निर्माण हुन सकेको छैन ।

हुम्लाको सिमकोट गाउँपालिका वडा ७ मा रहेको डाँडाफया स्वास्थ्य चौकीको घेरबार गर्दा ढुङ्गा खसेर भत्किएको पानी निकास हुने ड्रेन निर्माण नहुँदा स्वास्थ्य चौकीमा समस्या हुँदै आएको छ। पानी परेको समयमा अझ बढी समस्या हुने गरेको छ । करिब सात महिना बितिसक्दा पनि पानी निकास हने ड्रेनको निर्माण नभएर स्वास्थ्य चौकीको संरचनानै बिग्रिएको स्वास्थ्य चौकीका एक कर्मचारीले बताए । मुख्यमन्त्री रोजगरका उपभोक्ता समितिले घेरबारको काम सकेलगत्तै निर्माण गर्ने प्रतिबद्धता जनाए पनि अझै निर्माण भएको छैन ।

अहिले हिउँदमा स्वास्थ्य चौकीको छतको हिउँ पग्लिएर आएको पानी निकासा हुने ड्रेन नहुँदा जथाभावी पानी छरिएर जाँदा पर्खाल भत्किने सम्भावना बढेको स्वास्थ्य चौकी स्रोतले जनाएको छ। स्वास्थ्य चौकीको चारैतिरको पानी निकास हुने ड्रेन भत्किएको छ। तर उपभोक्ता समिति र सरोकारवाला निकायाले बेवास्ता गर्दै आएको छ।

# नेपाल र भारतबीच त्रेता युगदेखिकै सम्बन्ध

**आरएन यादव/मध्यान्ह**
राजविराज, २१ माघ

नेपाल र भारतबीच सदियौंदेखि मैत्रीपूर्ण सम्बन्ध रहँदै आएको सरोकारवालाहरुले बताएका छन् । सप्तरीको सदरमुकाम राजविराजमा शनिबार आयोजित 'विकास क्षेत्रमा नेपाल-भारत सहकार्य' विषयक विचार गोष्ठीमा बोल्ने वक्ताहरुले नेपाल भारतबीचको सम्बन्ध सदियौं पहिलेको रहेको बताएका हुन् ।

नेपाली कांग्रेसका जिल्ला उप-सभापति रामकुमार यादवले नेपाल र भारतबीच त्रेता युग देखिनै धार्मिक, सांस्कृतिक सम्बन्ध रहेको बताए ।

राजविराजमा राष्ट्रिय एकता अभियान सप्तरीको आयोजनामा सम्पन्न एक दिने विचार गोष्ठीमा यादवले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउदै लैजानुपर्नेमा जोड दिए । कार्यशाला गोष्ठीमा स्थानीय बुद्धिजीवि, युवा, महिला, राजनीतिक दलका नेता, गैर सरकारी संस्थाका प्रतिनिधि, सञ्चारकर्मी लगायतको सहभागिता थियो ।

# मदार बाबा मेलाको तयारी तीव्र



**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, २१ माघ

नवलपरासी मदारबाबा मेलाको तयारी तीव्र पारिएको छ । मेलामा नेपाल र भारतका करिब १५ लाख दर्शनार्थी आउने अनुमान गरिएको छ । हिन्दु एवं मुसलमान दुबै समुदायको साझा तिर्थ स्थलको रुपमा रहेको मदरबाबा मेला आगामी शुक्रबारदेखि एक हप्तासम्म चल्ने मदारबाबा संरक्षण संस्थाका अध्यक्ष जमालुद्दिन अन्सारीले बताए ।

पूर्वी र पश्चिम नवलपरासीको सिमाना दाउन्ने पहाडमा लाग्ने उक्त मेला माघ २५ गते देखि शुरु भएर फागुन ५ गतेसम्म चल्ने अध्यक्ष अन्सारीले बताए । अन्सारीका अनुसार मेलामा नेपाल तथा भारतबाट लाखौंको संख्यामा हिन्दु र मुस्लिम दुबै धर्मका धर्मावलम्बीहरु प्रत्येक मदारबाबाको मेला आउने गर्छन् ।

कोरोनाका कारण दुई वर्ष देखि मदरबाबा मेला लगाउन प्रशासनले रोक लगाएको थियो । नवलपरासी सुस्ता गाउँपालिकाको महलबारीमा बजारदेखि १० किलोमिटर उत्तरको दान्नेको पहाड भागमा रहेको मदरबाबाको मजार क्षेत्रमा लाग्ने मेला एक हप्तासम्म सञ्चालन हुनेछ ।

नेपालबाट भन्दा पनि भारतका विभिन्न स्थानबाट आउने हिन्दु एवं मुस्लिम दुबै धर्मका धर्मावलम्बीहरुले यो मेलास्थलमा ७ दिनसम्म खचाखच हुन्छ ।

मेलामा ठूलो संख्यामा भक्तजनहरु आउने भएकाले मेला व्यवस्थापन समितिले यस क्षेत्रको सरसफाई, शौंचालय, स्नान गृह, बासस्थान, पैदल हिँडेर जानुपर्ने पहाडी भाग (जंगलको क्षेत्र) मा खाने पानीको व्यवस्था लगायतका पूर्वाधारहरुको व्यवस्था मिलाएको बताइएको छ ।

दाउन्ने डाँडाको तल्लो भाग महलबारी बजारदेखि करिब ४ घण्टाको पैदल यात्रा पार गरी मदारबाबाको मजारमा पुगिन्छ । मदारबाबाको मजारमा पुगेर हिन्दु मुस्लिम दुबै सम्प्रदायका मानिसहरुले बाबाको मजारमा चादर चडाउने, प्रार्थना गर्ने,आफ्नो आवश्यकता अनुसार भक्कल गर्ने, भक्कल पूरा भएकाले विभिन्न बस्तुहरु चढाउने लगायतका काम गर्ने गर्दछन्

# स्वतन्त्र सांसद चौधरी एमालेमा प्रवेश

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ माघ

रौतहट क्षेत्र नम्बर ३ (क) बाट निर्वाचित मधेश प्रदेश सभा सदस्य केशव राय चौधरी नेकपा एमालेमा प्रवेश गरेका छन्। प्रभु साह नेतृत्वको आम जनता पार्टी परित्याग गरी चौधरी एमालेमा प्रवेश गरेका हुन् । गत मंसिर ४ गते सम्पन्न निर्वाचनमा रौतहट क्षेत्र नम्बर ३ (क) बाट निर्वाचित चौधरी शुक्रबार एमाले प्रवेश गरेका हुन् ।

साहकै टिमबाट चौधरी र कुन्दन कुश्वाहाले मनोनयन दर्ता गरेका थिए । तर कुश्वाहा पराजित भए। निर्वाचनको परिणाम सार्वजनिक भएपछि साहको नेतृत्वमा गठन भएको आम जनता पार्टीमा कुश्वाहा विभागीय संगठन प्रमुखको जिम्मेवारी पाउँदा चौधरी केन्द्रीय सदस्य बनेका थिए ।

नेकपा एमालेका केन्द्रीय सदस्य, मधेश प्रदेशका संसदीय दलका नेता एवं भौतिक पूर्वाधार मन्त्री सरोज यादवको विशेष पहलमा उनकै हातबाट स्वतन्त्र निर्वाचित प्रदेश सांसद चौधरी नेकपा एमालेमा प्रवेश गरेका हुन्। जनकपुरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा प्रभु साहको साथ छोडेर चौधरी एमालेमा प्रवेश गरेका हुन् । गत मंसिर ४ मा सम्पन्न निर्वाचनमा स्वतन्त्र उम्मेदवार रायले १२ हजार २ सय ५५ मत प्राप्त गरेका थिए ।

## बराहताल गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कुनाथरी, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना**

प्रकाशित मिति : २०७९/१०/२२

यस कार्यालयको तपशिलमा उल्लेखित खरिद कार्यहरुको लागिप्रकाशित सार्वजनिक सूचना बमोजिम नियमअनुसार म्यादभित्र पर्न आएका बोलपत्रहरु मध्य तपशिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नं | कामको विवरण | स्वीकृत हुने बोलपत्रदाता/फर्मको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट सहित) रु. |
|---|---|---|---|
| BRM/NCB/WORKS/079/80-06 | MasinaChepang Road Upgrade work | Karaichuli construction and suppliers Pvt.Ltd.,Jajarkot | 3925011.42 |
| BRM/NCB/WORKS/079/80-07 | Chanabari,Maikal,Ward office to RatoPokhari Road Construction work | I.A Construction Birendranagar -01, Surkhet | 1246779.65 |
| BRM/NCB/WORKS/079/80-08 | KalyanSyaule to Bedgad Road Construction work | Utkrishti Nirman Sewa, Humla | 1380154.28 |
| BRM/NCB/WORKS/079/80-09 | Simalpani ,Racha Road gravel work | Ashoka Nirman Sewa, Birendranagar -02, Surkhet | 1594116.51 |

प्रमुख प्रशासकीय अधिकृत

Government of Bagmati Province
## Ministry of Health
## Health Logistics Management center
Hetauda, Nepal

**Invitation for Bids**

**Date of publication: 2079/10/22 BS (2023-02-05 AD)**

**Invitation for Bids No: HLMC/G/NCB-07/2079-80**

The Health logistics Management Center, Hetauda invites electronic bids from eligible bidders for the procurement of following goods under National competitive bidding – Single Stage Two Envelope procedures. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Health Logistics Management Center, Bagmati Province, Hetauda, Phone No: 977- 057520547, email address: info.hlmc@bagamati.gov.np or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.

| Description of Items/ IFB. No: | Quantity (unit) | Minimum Bid Security Amount (NRs.) | Cost of Bid documents (NRs.) | Bid Security Validity |
|---|---|---|---|---|
| PROCUREMENT OF COLDCHAIN EQUIPMENT HLMC/G/NCB-07/2079-80 | As per Bid | 1,41,000.00 | 3,000.00 | 2080/03/18 BS (2023-07-03 AD) |

Director

**बहराईनमा रोजगार**
कम्पनी: YAFFA CONTRACTING
शहर: Bahrain
पूर्व स्वीकृत मिति: २०७९/१०/२० चलानी नं.: ६०१९६०२९ LT. No.: 280482

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 1 | 0 | स. काममा दक्ष | 120 | ४१,५८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २९ गते (12 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1174/073/074
**Triveni Hr Solution Pvt. Ltd.**
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608,01-4989258
Mobile: 9847259822, 9818618887, 9861133194, 9851007872, 9818465637
Email: triveni.overseas341@gmail.com, info@trivenihr.com

**कुवेतमा रोजगार** | कम्पनी : AL SHAGYA GROUP COMPANY FOR WHOLAND RETAIL TRADE
शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/१०/१९ चलानी नं.: ६०१९५९७३ L.T. No.: 280425

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 2 | स. काममा दक्ष | 100 | ४३,०१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २९ गते (12 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

Govt. Lic. No. 865/066/067
**RHYTHM OVERSEAS PVT. LTD.**
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

**साउदीमा रोजगार** | कम्पनी : JAWA HUMAN RECOURSE
शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७९/०७/२४ चलानी नं.: ६०१९०८९१ LT. No.: 275361 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 9 | 0 | स. काममा दक्ष | 1000 | ३४,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २९ गते (12 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**खगोल ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ६३५/०६३/०६४
Email: info@khagoloverseas.com, khagoloverseas@gmail.com, khagolnepal@gmail.com
बानेश्वर, काठमाडौं, फोन: ०१–५२४४०४६, ५२४४७४७, ५२४४४४८
Mobile No: 9818284867,9801022871,9801022872

**CYPRUS मा वैदेशिक रोजगारको अवसर**
कम्पनी: MAYIASOVA SERVICES LTD शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०७९/१०/१९ चलानी नं.: ६०१९५९३५ LT. No.: 280452

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Women | 0 | 20 | स. काममा दक्ष | 885 | १२६,३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

कम्पनी: MAYIASOVA SERVICES LTD शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०७९/१०/१९ चलानी नं.: ६०१९५९३६ LT. No.: 280453

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 314 | ४४,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २९ गते (12 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.**
सुबिधानगर, तिनकुने-३२, काठमाडौं, नेपाल, फोन: ५१९२०२८, ४१११६४४
श्रम इजाजत नं. ९४७/०६७/०६८
E-mail: gautaminternational5@gmail.com Website: www.gautamimps.com

मध्यान्ह
www.madhyanhadaily.com
२२ माघ २०७९, आइतबार
5 February 2023, Sunday

## सम्पादकीय

# न्याय नपाउने भय

बलात्कार आरोपी सन्दीप लामिछाने थुनामुक्त हुँदै क्रिकेट टीममा फर्किएपछि राजधानी उपत्यकामा दिनहुँ प्रदर्शन भइरहेको छ । शनिबार पनि आरोपित लामिछानेलाई राष्ट्रिय क्रिकेट टीममा फर्काउने निर्णयविरूद्ध प्रदर्शन भएको छ । प्रदर्शनका क्रममा लामिछानेलाई क्लोज क्याम्पमा फर्काउने निर्णय लिने नेपाल क्रिकेट संघ (क्यान) को समेत विरोध भएको छ । सामाजिक सञ्जालमा पनि पुनरावेदन अदालतको फैसला र क्यानको चर्को विरोध भइरहेको छ । तर पूर्वकप्तान लामिछाने टीममा फर्किएर अभ्यास खेल शुरू गरिसकेका छन् । उनलाई अदालतले कडा शर्त राखेर धरौटीमा छोड्ने आदेश दिएको थियो । राजधानी उपत्यका छोड्न नपाउने, कुनैपनि प्रकारले पीडितसम्म सम्पर्क हुन नपाउने र आदेशको पालना नभए तत्काल पक्राउ गर्नुपर्ने शर्त राखेर लामिछानेलाई अदालतले थुनामुक्तको आदेश दिएको थियो ।

लगत्तै, पोखरामा बसेको क्यानको बैठकले निलम्बन फुकुवा गर्दै टीममा अभ्यास खेलमा फर्काउने निर्णय गरेको छ । नाबालिका बलात्कारको आरोपमा प्रहरी पक्राउ पुर्जी काटेपछि क्यानले निलम्बन गर्दै राष्ट्रिय टीमको कप्तानबाट समेत हटाएको थियो । तर अदालतको आदेशलाई आधार मानेर क्यानले लिएको निर्णयप्रति चर्को विरोध भइरहेको छ । यो बीचमा पीडित नाबालिकाको बयान आमसञ्चार माध्यममा आएपछि विरोध झनै चर्किएको छ । उक्त बयानमा पीडित नाबालिकाले आफू अझ ठूलो अन्यायमा परेको जनाएकी छन् । कारागारबाट निस्किइरहँदा लामिछानेलाई मालाले स्वागत गरिएको दृष्य र राष्ट्रिय टीममा खेल्न लागेको खबरले पीडित नाबालिका थप स्तब्ध बनेकी छन् । अदालतको आदेशमा महान्यायाधिवक्ताको कार्यालय पुनरावेदनमा गएको छ ।

तर पीडकलाई अदालतको अन्तिम आदेश आउनु अगाडि नै क्यानले दिएको सुविधालाई सहज मान्न सकिने देखिदैन । किनकि बलात्कार मुलुककै निम्ति गम्भीर समस्या बनेर आएको छ । आर्थिक वर्ष २०७८/०७९ को तथ्याङ्क अनुसार, जर्बजस्ती करणी र अपहरण जस्ता घटनाबाट २ हजार ४६१ जनाको ज्यान गएको छ । सार्वजनिक हुन नसकेको बलात्कारका घटना अझ बढी रहेको अधिकारकर्मीहरूले दावी गर्दै आएका छन् । यस्तो डरलाग्दो तस्बिर अगाडि लामिछानेलाई दिइएको सुविधाले आमनागरिक सशंकित हुनु स्वभाविक हो । यो घटनाबाट यदि पीडक शक्तिशाली छन् भने उनीबाट हुने अपराधमा न्याय पाउन सजिलो नहुने सन्देश समेत प्रवाह हुने खतरा छ । अतः क्यानले आफ्नो निर्णय सच्याउन आवश्यक छ भने न्यायालयबाट न्यायको फैसला कुर्नु उचित हुनेछ ।

# लोकतन्त्रको मर्म

*लोकतन्त्र त जनताको जीवनसँग गासिँएको उनीहरूको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता जीवनका नभइ नहुने कुरा सुनिश्चित गर्ने माध्यम हो र हुनु पर्दछ । अन्यथा, त्यो लोकतन्त्र रहँदैन र हुँदैन ।*

अग्रलेख



● लोकनारायण सुबेदी

लोकतन्त्रको मर्म संवैधानिक लोकतन्त्रभन्दा केही भिन्न हुन्छ । यसको विकासको इतिहास हेर्दा, यसले जुन स्वतन्त्रता, समानता र भातृत्वको मर्मलाई समटेको पाइन्छ, त्यस परिप्रेक्षमा संवैधानिक लोकतन्त्र भिन्न भेटिन्छ । लोकतन्त्रको आत्मा भनेको मर्म हो भने ढाँचा भनेको बाहिरी आवरण हो । तर, प्रयोगमा ल्याइँदा आत्मालाई मारेर ल्याइएको छ । हरेक चुनावलाई हेर्‍यौं भने लोकतन्त्रको आत्मालाई होइन, आवरणलाई जिताउने काम हुँदै आएको छ । यसरी मारिएको अर्थात् आत्माबिनाको लोकतन्त्रलाई हामी धुमधामसँग बोकेर हिँडिरहेका छौं । त्यसैले त सत्ताधारीहरुले सही असहमतिलाई पनि फट्कार्दै भन्ने गरेका र भन्दै आएका छन् कि "भोट हामीले पाएका छौ" । तर, भीडको स्वीकृति साँचो लोकतन्त्रको कुनै अन्तिम कसी होइन र हुँदैन अनि हुनु पनि हुँदैन । भीडलाई नै सबै कुरा मान्ने हो भने त हिजो १०४ वर्ष राणाहरुले नै जितिरहेका थिए । तिनका विरुद्ध आवाज उठाउने र संघर्ष गर्नेहरुको संख्या सानो थियो तर, त्यसैले परिवर्तन ल्यायो । त्यसपछि पञ्चायतले 'सबै पञ्च नेपाली सबै नेपाली पञ्च' भन्ने नारा गुञ्जाएको थियो तर, त्यो व्यवस्थाको विरोध गर्ने र संघर्ष गर्नेहरुको संख्या सानो थियो । प्रष्ट छ, भीडको स्वीकृतिले चल्ने हो भने त न पञ्चायतको अन्त्य हुने थियो न त्यस अघिको जहाँनियाँ राणातन्त्र नै ।

भीडलाई लोकतन्त्र भन्ने भ्रम पालेर यसको वास्तविक आत्मा या मर्मलाई मार्ने काम गरिनु हुँदैन । लोकतन्त्रको उद्देश्य र यसको प्राप्तिको संघर्षलाई एकातिर पन्छाएर यसको अपव्याख्या या भ्रष्टीकरण गरिँदा यसको मर्म र भावना बोकेर हिँडेको पनि ठहरिँदैन । अनि चुनाव परिणामको कथित विश्लेषणको नाममा आ-आफ्ना गल्ती कमजोरी लुकाउने या ती सबै कुरा जनताले अनुमोदन गरिदिए भनेर थप भ्रम सिर्जना गर्ने कुराले कहिँ कतै लोकतन्त्रलाई सबल, सक्षम र सार्थक कीमार्थ र कदापि बनाउन सक्दैन । यद्यपी, हामीकहाँ लोकतन्त्रको 'आत्मा' र 'आवरण'लाई उस्तै र एउटै भनेर गलत व्याख्या या अपव्याख्या गर्दै यसलाई गाजेमाजे पार्ने गरिएको छ र त्यसैलाई लोकतन्त्रको 'सुन्दरता' भन्ने संज्ञा दिइएको छ ।

आज जसरी लोकतन्त्रको कुरुप अनुहारलाई स्थापित गर्न खोजिएको छ, यसले राजनीतिक भ्रष्टीकरणलाई प्रोत्साहित गरिरहेको छ । फलतः त्यो राजनैतिक नैतिकता, निष्ठा, इमानदारीतामा स्खलन ल्याउने कारक र कारण बनिरहेको छ । अनि त्यसबाट प्रत्युत्पन्न व्यापक भ्रष्टाचार, कमिशनखोरी, आर्थिक अपचलन, सामाजिक विचलन आदिले समाज आक्रान्त बनेको छ । यसले भ्रष्ट राजनीतिक संस्कृतिलाई मलजल गरेर बल पुर्‍याइरहेको छ । वस्तुतः आजको राजनीति आदर्शच्यूत हुनुको आधारशीला नै यही हो ।

हरेक चुनावको आयोजना हुँदा त्यहाँ कुनै दलले जित्छ र कुनैले हार्दछ । अहिलेको चुनावमा पनि यस्तै भएको छ । तर, दलहरु जिते पनि देश र जनताले हारिरहेका छन् । अन्योल, अस्थिरता र अराजकताका प्रष्ट संकेतहरु देखिइरहेका छन् । यस्तै, माहोलले गर्दा विकास, प्रगति र समुन्नतिले सही दिशा लिन नसकेर वर्षौंदेखि हारिरहेको छ । अहिलेको चुनाव परिणामले पनि कुनै स्थिरता, सुनिश्तिता र सुशासनको संकेत दिन सकेको छैन र सक्ने पनि



*हरेक चुनावको आयोजना हुँदा त्यहाँ कुनै दलले जित्छ र कुनैले हार्दछ । अहिलेको चुनावमा पनि यस्तै भएको छ । तर, जुन दलले जिते पनि देश र जनताले भने हारिरहेका छन् । चुनावपछि पनि अन्योल, अस्थिरता र अराजकताका प्रष्ट संकेतहरू देखिइरहेका छन् । जनताले चुनावपछि अधिकार होइन, थप क्षति व्यहोरिरहेका छन् ।*

छैन । त्यसैले चुनाव नसकिदै एकातिर कुर्सीको लडाईले चरम रुप लिने र 'मध्यावधी' चुनाव हुनसक्नेसम्मका विश्लेषणहरु अहिले नै हुन थालेका छन् । यो त्यसै लहै लहैमा भनिएको कुरा पनि होइन । हिजोको इतिहास यस्तै रहेको छ र देशमा पटक-पटक अवाञ्छित राजनैतिक दुर्घटना हुने गर्दै रहेको अनुभव छ । अहिले पनि त्यस्तो सन्देहको स्थिति कायम रहेको र व्याप्त भइरहेको छ ।

चुनाव परिणामको कुनै नाता यदि कुनै लोकतन्त्र नामको व्यवस्थासँग पनि हुँदो हो र त्यसले गर्दा चुनावी राजनीति या संसदीय लोकतन्त्रको अस्तित्व रहेको हो भने यसलाई एकदमै राम्रोसँग बुझ्नु पर्दछ कि यो दल जित्ने देश हार्ने, लोक अर्थात् जनता हार्ने तर तन्त्र जित्ने र वास्तविक लोकतन्त्र पराजित हुने तारतम्य बाहेक अरु केही होइन । त्यसले गर्दा संविधान पनि अब एउटा पुरानो गाता भएको धर्मशास्त्रको किताब जस्तै एउटा अन्ध माला जप्ने कुरा मात्र भएर रहेको छ । यसैले यी कुराहरु छोडेर परिप्रेक्षमा चुनावमा आधारित भएको हार जीतको कुनै पनि बाचाल चर्चाले जतिसुकै प्रश्रय पाए पनि त्यसले भ्रम सिर्जना गर्ने बाहेक अरु कुनै सही र सार्थक कुरा देश र जनतालाई दिँदैन । यसले चाहेर पनि दिन सक्दैन ।

चुनावको संवैधानिक पवित्रता र त्यसको राजनैतिक अस्तित्व पराजित भइरहेको या भइसकेको छ । चुनावको आचार संहिता हारिरहेको छ, लोकतन्त्रको आधार नैतिकताले हारिरहेको छ । यथार्थतः समग्रमा ती सबै लोकतान्त्रिक प्रतिमानहरुले हार खाइरहेका छन्, जुन संवैधानिक ढाचामा संग्रहित र खडा गरिएका छन् । यसले गर्दा लोकतन्त्र एउटा मर्यादा बिनाको वस्तु बने बनाइएको छ । यस्तो अवस्थामा लोकतन्त्र एउटा खोक्रो अल्पतन्त्र, दलतन्त्र र केवल भीडतन्त्र मात्र भएर रहन्छ । आजका हरेक चुनाव स्थानीय, प्रादेशिक या संघीय सबैमा जातियता, क्षेत्रीयता र धार्मिक उन्मादलाई प्ररोक्ष या प्रत्यक्ष बढाई चढाई गरेर जीत हासिल गर्ने बिषाक्त बातावरण बनाइने गरेको छ । यसले राष्ट्रिय एकता खल्बल्याइरहेको छ र पारस्परिक सद्भावलाई पन्छाइरहेको छ र राष्ट्रिय स्वाधीनतालाई कमजोर तुल्याइरहेको छ । वास्तवमा आजको हाम्रो चुनावमा सत्ता बल, धन बल र बाहु बल, छलछाम र असत्यले जितिरहेको छ ।

लोकतन्त्रले जनतामा जुन भातृत्व, समानता र स्वतन्त्रताको आधार तयार गर्नुपर्ने हो त्यसो नगरी त्यसबाट बिमुख हुने या बिमुख पार्ने बाटो लिन्छ भने त्यो त्यतिबेला लोकतन्त्र रहँदैन । जनतालाई कमजोर पार्ने र अन्ध अनुशरणकर्ता बनाउने अवाञ्छित दबाब लोकतन्त्रभन्दा बाहिरको कुरा हो । लोकतन्त्र त जनताको जीवनसँग गासिँएको उनीहरुको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता जीवनका नभइ नहुने कुरा सुनिश्चित गर्ने माध्यम हो र हुनु पर्दछ । अन्यथा त्यो लोकतन्त्र रहँदैन र हुँदैन ।

यी आधारभूत कुरा उपलब्ध नभइ मानिस स्वतन्त्र, आत्मनिर्भर र स्वाधीन बन्ने आधार नै तयार हुँदैन । त्यसैले लोकतन्त्रलाई 'जनताले जनताका लागि जनताद्वारा' परिचालन गरिने पद्धति भनिएको हो र यो केवल चुनावमा मात्र सीमित छैन र त्यसरी व्याख्या पनि गरिनु हुँदैन । चुनाव त यसको एउटा आंशिक प्रकृया र माध्यम मात्र हो । वास्तविक लोकतन्त्र त जनताको जीवनको सर्वांगिण विकासको आधार तयार गर्नु र त्यसलाई निरन्तरता दिइरहनु हो । त्यसैले यो आत्मा नभएको या सत्व नभएको लोकतन्त्रलाई अरु जे-जे भनेर बढाई चढाई गरे पनि त्यसले देश र जनताको हक हित, सत्व र स्वाभीमानको रक्षा गर्न र तिनलाई सम्बृद्ध तुल्याउन सक्दैन भन्ने कुरा एकदमै प्रष्ट छ ।

***(लेखक सुवेदी नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष हुन् ।)***

## सामाजिक सञ्जाल



**- राधाकृष्ण कटवाल**

कांग्रेस, एकीकृत समाजवादी र जसपाले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएका थिएनन् भने रवीको नागरिताको मुद्दाको पेशी यति छिट्टै आउने नै थिएन । फैसलापछि पनि नागरिकता लिएकै दिनको साँझ गृहमन्त्रीमै रविलाई प्रम प्रचण्डले नियुक्ति गरिसकेका हुने थिए । अरू सबै भन्ने कुरा मात्रै हुन् ।



**- डा. गोपी कुमार खनाल**

अर्थतन्त्रको उतार चढाब आउँदा अर्थ मन्त्रालयले गाली खाएको देख्छु । खासमा जसलाई हामी अर्थमन्त्रालय भन्छौ त्यो वित्त मन्त्रालय हो, जुन अर्थतन्त्रको एउटा हिस्सा मात्र हो । अर्थतन्त्रमाथि उठ्न उद्योग, पर्यटन, पूर्वाधार, उर्जा, कृषि, सिंचाई जस्ता उत्पादनमा जोडिएका निकायले मिहेनत गर्नुपर्छ ।



**- सेतेमान तामाङ**

कृषकले तरकारी उत्पादन गर्दछ तर, बजार पाउँदैन, बारीमा तरकारी कुहिने, बैंकमा ब्याज बढ्दै जाने अवस्था छ । उत्पादित तरकारीको न बजारको सुनिश्चितता, न बैंकको चर्को ब्याज मिनाहा हुने सुनिश्चितता, आखिर सडकमा तरकारी फाल्ने बाहेक विकल्प रहँदैन । एकातिर बैंकले जग्गा कब्जा गर्ने, अर्कोतिर सडकमा बास हुने । कस्तो बिडम्बना !



**- शिरोमणि ढुंगाना**

ठूला व्यापारी र बैंकहरूको कारण सर्वसाधारण र उद्यम गर्न चाहनेहरू समस्यामा परे । उद्योगको लागि ऋण लिएर ठूला व्यापारीहरूले घरजग्गामा लगानी गरे । राष्ट्र बैंकले ऋण अपचलनको अनुगमन गर्न सकेन । जग्गाप्रेमी नेताहरूले समेत लाभ पाए । एउटा वर्गको कारण अर्थतन्त्र चापमा पर्‍यो । सर्वसाधारण मारमा परे ।



**- प्रेम घर्ती मगर**

कांग्रेसबाट राष्ट्रपतिमा रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौलाको चर्चा चलेको छ । तर, राष्ट्रपतिमा शेरबहादुर देउवालाई प्रस्ताव आएको छ । यसमा मुख्य स्वार्थ प्रचण्डको देखिन्छ । किनकी देउवा राष्ट्रपति भएमा कांग्रेसको तर्फबाट प्रधानमन्त्रीको खेल सकिन्छ । र, त्यसको सिधा लाभ प्रचण्डलाई हुनेछ ।

# रविको हतारोले उठाएको प्रश्न

टिप्पणी



● नारायण गाउँले

*हिजो आफैले खबरदारी गर्दै आएका एक-एक विषयमा आज रविमाथि नै प्रश्न उब्जीएको छ । रविको पहिलो खबरदारी थियो, हरेक दल र नेता सत्ताकै लागि न्याल काढिरहन्छन् ! तर, न्यूनतम साझा कार्यक्रम नबन्दै उनी आफै सत्तामा जान हतारिए । आफ्नै नागरिकताविरूद्ध छानबिन गर्दै गरेको मन्त्रालयमैं उनले दाबी गरे । उनी आफैंले भन्ने गरेको प्रत्यक्ष स्वार्थ बाझिने शैलीमा उनी प्रस्तुत भए ।*

बेथिति, भ्रष्टाचार, अनैतिकता, अकर्मण्यता जस्ता विषयमा लड्दै गरेको देख्ने मन थियो तर, आज रवि लामिछाने संसद नरहे पनि मन्त्री बन्ने लडाइँमा छन् भन्ने सुन्दा अलिकति नमज्जा लाग्ने रहेछ ! हिजो आफैले खबरदारी गर्दै आएका एक-एक विषयमा क्रमशः उनैलाई कसैले चिप्ल्याउने खेल खेल्दै छ या उनी आफै चिप्लिँदै छन्, थाहा भएन । रविको पहिलो आरोप या खबरदारी थियो, हरेक दल र नेता सत्ताकै लागि न्याल काढिरहन्छन् ! तर, न्यूनतम साझा कार्यक्रम नबन्दै उनी आफै सत्तामा जान हतारिए । आफ्नै नागरिकताविरुद्ध छानबिन गर्दै गरेको मन्त्रालयमैं उनले दाबी गरे । यो प्रत्यक्ष स्वार्थ बाझिने विषय हो । रविले आफैं उदाहरण दिने कानुनी देश या सभ्यतामा यस्तो नाङ्गो आँखाले देखिने 'कन्फ्लिक्ट अफ इन्ट्रेस्ट'लाई गम्भीरतापूर्वक लिइन्छ । सोचियो, बालुवाटारदेखि सुकुम्बासी बनेर सरकारी जग्गा हत्याउने विष्णु पौडेललाई अर्थमन्त्री बनेकै छन्, भ्रष्टाचारको आरोप खेपिरहेका ठेकेदारलाई विकास मन्त्रालय दिइएकै छ । रविको मात्रै विरोधको के अर्थ ?

"यत्ति सानो देशमा यति धेरै पद किन चाहियो ? लुटेर खान ? भागबण्डा मिलाउन ?" उनका शब्द यस्ता थिए । तर, चार जना उपप्रधानमन्त्रीमध्ये एक बने उनी । निर्णायक भूमिका नहुने र राज्यलाई थप आर्थिक भार मात्रै पर्ने गरी राज्यमन्त्री नबनाऊँ भन्न सकेको भए पनि बेशै हुन्थ्यो ।

अहिले सुशासन, नैतिकता र सिस्टमका लागि होइन, अदालतको फैसलाको पूर्ण पाठ पनि नआउँदै उनी जसरी पनि गृहमन्त्री बन्ने होडमा लागेका छन्, यो उनकै भविष्यका लागि पनि आत्मघाती कदम बन्न सक्छ । हिजो स्वार्थ बाझिने गरी उनी गृहमन्त्री बन्दा मन्त्रालयले चल्दै गरेको अनुसन्धान रोक्नु पर्‍यो । त्यो विषयले कसैलाई हानी नगर्ने हुनाले अघि बढाउनु जरूरी नरहेको भन्ने जस्तो तर्क गरेर सामसुम पार्न पर्‍यो । अदालतले चाहिँ उनकै मन्त्रालयले गरेको तर्क पत्याएन । यो उनका लागि ठूलो नैतिक संकट हो । उनले अमेरिकी नागरिक छँदै नेपाली पासपोर्ट लिएको विषय अझै छानबिनकै घेरामा छ ।

रवि लामिछाने गृहमन्त्री हुँदा सांसद थिए । अहिले उनको सांसद पद छैन । हिजोको सत्ता भागवण्डाअनुसार गृहमन्त्रालय उनको दलले पाउनुपर्छ भन्नु अस्वाभाविक होइन । उपचुनावबाट विजयी भएर या राष्ट्रियसभामा मनोनीतसम्म भएर रवि लामिछाने मन्त्रालय फर्किनु उत्तम विकल्प हुनसक्छ । तर, अहिले नै उनी जसरी पनि मन्त्री बन्ने ध्याउन्नमा लागेको देखियो । केही निर्णयहरू रवि लामिछानेले हतार र भावुकतामा गरेका छन् जस्तो लाग्छ । सरकारमा जाने निर्णय त्यस्तै एउटा थियो । अब सरकार छोड्ने अर्को काँचो निर्णय नगरे हुन्थ्यो । आफैं तटस्थ र गम्भीर भएर सोच्ने हो भने थाहा हुन्छ, एउटा गैरसांसद व्यक्तिलाई मन्त्री नबनाई नहुने ढिपी अरू कसैले राख्थ्यो भने कति नराम्रो देखिन्थ्यो ।

सत्ताको खेलमा नमैलिनु मैलिई हालियो । अब रास्वपा सरकारमैं रहिरहने, अन्य मन्त्रीहरूले डेलिभरीको प्रयास गर्ने, रवि लामिछानेले उपचुनावको तयारी गर्ने र झन बढी मतका साथ अनुमोदित भएर फेरि मन्त्रालय फर्किनु सङ्गतिपूर्ण हुन्थ्यो । नत्र सत्ताको खेलमा डुब्दै गइने खतरा हुन्छ । हिजो प्रधानमन्त्री बन्न प्रचण्डले कति मीठा शब्द बोले होलान्, आज राष्ट्रपतिको चुनावका लागि ओलीले मीठा शब्द बोल्लान्, भोलि आफै प्रधानमन्त्री बन्ने खेलमा देउवाले 'रविजी' भनेर चिल्लो दल्लान्, यस्तै चिल्लोमा चिप्लिँदै जाने हो भने गन्तव्य नभेटिन सक्छ ।

आज सरकार छोड्दा हिजो आफैले मत दिएको प्रधानमन्त्रीलाई संसद सदस्य नहुँदा मन्त्री बनाएन भनेर बिरोध गर्न बाहिरिएको जस्तो देखिन्छ । हिजो एक महिना सही, आफै सिस्टमको अंग बनिसकेपछि निर्मलादेखि कोइरीसम्मका विषयमा सरकारलाई दबाब दिन पनि मनोबल कम हुन्छ । यतिबेला बाहिर निस्किनुभन्दा त्यहीँ बसेर थोरै भए पनि सुधारको प्रयास गर्नु राम्रो होला । अहिलेको भन्दा सरकार छोड्ने औचित्य र कारण अलि राम्रो भेटिएको दिन बाहिरिन पनि सकिन्छ । सधैं सत्तामै टाँसिनुपर्छ भन्ने पनि छैन । नीति नियममा, सरकारका कार्यक्रम र कार्यान्वयनमा मत बाझिएर या भनेअनुसार काम गर्न नपाएर छोड्नुको मूल्य र अर्थ बेग्लै हुन्छ । त्यो दिन पनि छिटै आउला किनकि उनलाई सजिलै काम गर्न त पक्कै दिन्नन् । त्यतिन्जेल कुर्नु र उपचुनावको तैयारी गर्नु बेश हुन्थ्यो कि ?

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | राजकीय कार्यमा वृद्धि हुनेछ । नयाँ सम्पर्क बढ्नेछ । |
| वृष | : | रचनात्मक कार्यमा सफलता मिल्नेछ । मनोरञ्जनात्मक काममा सहभागि भइनेछ । |
| मिथुन | : | कार्य सफल हुनेछ । नौलो कार्यमा प्रगति हुनेछ । |
| कर्कट | : | प्रतिष्ठामा वृद्धि हुनेछ । साथै, आयमा वृद्धि हुने योग छ । |
| सिंह | : | शत्रु कमजोर हुन्छन् । वाणी संयम् र धैर्य जरुरी छ । |
| कन्या | : | स्वास्थ्यमा लाभ हुनेछ । विधार्थीहरुको कार्यमा प्रगति हुनेछ । |
| तुला | : | विनम्रतासित कार्य गर्नु राम्रो हुन्छ । सन्तान सुखमा वृद्धि हुनेछ । |
| वृश्चिक | : | धार्मिक कार्यमा समय खर्च हुनेछ । शैक्षिक कार्यमा प्रगति हुन्छ । |
| धनु | : | पारिवारिक सदस्यमा वृद्धि हुनेछन् । तर, महत्वपूर्ण वस्तु हराउन सक्छ । |
| मकर | : | राजनैतिक सहयोग प्राप्त हुनेछ । व्यवसायमा लाभ मिल्नेछ । |
| कुम्भ | : | लापरबाहीले गर्दा अशान्ति र रुकावटको योग छ । स्वास्थ्य सामान्य रहनेछ । |
| मीन | : | नौलो कार्य प्रारम्भ हुन्छ । पारिवारिक उल्झन तथा तनावमा वृद्धि हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# 'बेलुन प्रकरण चीनलाई बदनाम गर्ने बहाना'

**काठमाडौं/एजेन्सी–** बेइजिङले बेलुन घटना चीनलाई बदनाम गर्ने बहानाका रूपमा प्रयोग गरिएको बताएको छ । विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले शनिबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङकेनको चीन भ्रमण स्थगन भएको घोषणाप्रति टिप्पणी गर्दै त्यो चीनलाई बदनाम गर्ने चाल भएको बताएकी छन् ।



अमेरिकी सञ्चारमाध्यममा विदेश मन्त्रालयका अधिकारीलाई उद्धृत गर्दै विदेशमन्त्रीको योजनाबद्ध चीन भ्रमण चिनियाँ बेलुनका कारण स्थगन भएको जनाइएको छ । अमेरिकालगायत पश्चिमा मुलुकका सञ्चारमाध्यमले 'अमेरिकाको जासुसी गर्न चीनले बेलुन अमेरिकी आकाशमा पठाएको' समाचार शुक्रबार प्रकाशन-प्रसारण गरेका थिए ।

वायुको वेग र बहावका कारण अनपेक्षितरूपमा मानवरहित वायुयान अमेरिकी आकाशमा प्रवेश गरेको स्वीकार गर्दै चीनले त्यससम्बन्धमा अमेरिकी पक्षलाई जानकारी गराएको विदेश मन्त्रालयका प्रवक्ता माओ निङले बताएकी छन् । मौसम विज्ञानसम्बन्धी सूचना संकलन गर्न नागरिकस्तरमा उडाइएको उक्त बेलुन वायु बलका कारण काबुबाहिर हुँदा अमेरिकी आकाशमा पुगेको उनले स्पष्ट गरेकी छन् । चीनले सधैं अन्तर्राष्ट्रिय कानुनको अक्षरसःपालना गरेको, कुनै पनि देशको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सधैं सम्मान गरेको, कुनै पनि देशको भू-भाग वा हवाई क्षेत्रको उल्लंघन नगरेको र उल्लंघन गर्ने कुनै नियत नभएको विदेश मन्त्रालयका प्रवक्ताले स्पष्ट गरेकी छन् ।

'संयुक्त राज्य अमेरिकाका केही राजनीतिज्ञ र सञ्चारमाध्यमले चीनलाई बदनाम गर्न यसलाई प्रचार गरेका छन्, चिनियाँ पक्ष यसको विरोध गर्दछ,' सबै तहमा सम्पर्क र समन्वय कायम गर्ने चीन र अमेरिकी राष्ट्रपतिबीच पछिल्लोपटक बालीमा भएको सहमति स्मरण गराउँदै चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले भनेकी छन् ।

# जापानी प्रधानमन्त्रीका वरिष्ठ सहयोगी बर्खास्त

**काठमाडौं/एजेन्सी–** जापानका प्रधानमन्त्रीले यौनिक अल्पसङ्ख्यकविरुद्ध टिप्पणी गरेका एक जना आफ्ना वरिष्ठ सहयोगीलाई बर्खास्त गरेका छन् । प्रधानमन्त्री फुमियो किशिदाले शनिबार यौनिक अल्पसङ्ख्यकहरूविरुद्ध भेदभावपूर्ण टिप्पणी गरेको भन्दै आफ्ना सचिव मासायोशी अराइलाई बर्खास्त गरेको शनिबार बताएका हुन् । समलिङ्गी विवाहलाई वैधानिकता दिने विषयमा अराइले हालै



व्यक्त गरेको टिप्पणीलाई आफूले गम्भीररूपमा लिएको बताउँदै प्रधानमन्त्री किशिदाले सरकारको नीतिसँग पूर्णतया विरोधाभासपूर्ण र अक्षम्य अभिव्यक्ति दिएकाले उनलाई बर्खास्त गरिएको पत्रकारहरू बताए । साथै उनले अराइको उत्तराधिकारी पनि चयन भइसकेको जानकारी दिए । प्रधानमन्त्रीको कार्यकारी सचिवको रूपमा कार्यरत अराइले अर्थ, व्यापार तथा उद्योग मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए ।


**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
## पर्यटन, ग्रामिण तथा विकास मन्त्रालय
## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
**बिजुवार, प्युठान**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/२२**

यस कार्यालयबाट मिति २०७९/०७/३० प्रकाशित सूचनाअनुसार पर्न आएका तपशिल बमोजिमका ठेक्का बोलपत्र मूल्यांकन गर्दा बोलपत्र मूल्यांकन समितिको सिफारिस अनुसार तपशिल फर्मको कूल कबोल अङ्क न्यूनतम मूल्यांङ्कीत सारभुत रुपमा प्रभावग्राही देखिएको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं./बोलपत्र नं. | कार्यको विवरण | आयोजनाको नाम | सारभूत रुपमा प्रभावकारी न्यून बोलपत्रदाता | कबोल अंक (भ्याट र PS सहित) | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | WSSDOPYUTHAN/ 01/2079/80 | Supply of GI Pipe in Rolpa District | रोल्पा जिल्लाका विभिन्न खानेपानी योजनाहरु | जगदम्बा इन्टर प्राइजेज प्रा. लि., काठमाडौं | १,०४,२९,०९७.७० | |

**डिभिजन प्रमुख**



## आँबुखैरेनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**आँबुखैरेनी, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

## रोजगार संयोजक सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**प्रकाशित मिति - २०७९/१०/२२**

यस आँबुखैरेनी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार संयोजक १ (एक) पद खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा पदपूर्तिका लागि निम्न वमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले गाउँपालिकाबाट उपलब्ध गराइएको आवेदन फाराम सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपशिल वमोजिमका कागजात सहित निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|
| २७-०७९/०८० | रोजगार संयोजक | स्थानीय सेवाको अधिकृत छैटौ तह सरह | १ (एक) |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव -**
   क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।
   ख. दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
   ग. भविष्यमा सरकारि सेवाका लागि अयोग्य ठहरिने गरि कुनै कारवाही नभएको ।
   घ. नैतिक पतन देखिने फौजदारि अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
   ङ. आधारभूत कम्प्युटर सीप सम्बन्धि कम्तिमा ३ महिनाको तालिम लिएको ।
२. **दरखास्त दिने स्थान -** आँबुखैरेनी गाउँपालिकाको कार्यालय, आँबुखैरेनी, तनहुँ ।
३. दरखास्त दिने अन्तिम मिति - सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात मिति २०७९/११/०५ भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।
४. **आवेदनको दस्तुर -** रु. १०००/- (एक हजार रुपैया मात्र)
५. **छनौटको किसिम -** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशित र लिखित परीक्षा तथा प्रयोगात्मक कम्प्युटरे परीक्षा ।
६. **आवेदन साथ संलग्न कागजातहरु -** आवेदक स्वयमले प्रमाणित गरेको देहाय वमोजिम कागजातको प्रतिलिपीहरु
   क. नेपाली नागरिकता,
   ख. न्यूनतम योग्यताको लब्धाङक प्रमाणपत्र र चारित्रिक प्रमाण पत्र,
   ग. कामसँग सम्बन्धित अनुभव भए सोको कागजात,
   घ. २ प्रति पासपोर्ट साइजको फोटो ।
७. **सेवा सुविधा तथा अन्य -** रोजगार सयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ को दफा १८ वमोजिम हुने छ ।
८. रोजगार संयोजकको पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

**थप जानकारीका लागि : सूचना अधिकारी नारायण प्रसाद ढकाल- ९८५६०३७७७०, सूचना प्रविधि अधिकृत ई. निरोज श्रेष्ठ ९८४०८५५६८८**

**प्रमुख प्रशासकीय अधिकृत**



## चौविसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**राजारानी, धनकुटा**

## ढुङ्गा गिटी बालुवा संकलन तथा विक्री सम्बन्धी ठेक्काको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/१०/२२)**

यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तरगत आर्थिक वर्ष २०७९/०८० का लागि तपशिल बमोजिमको शर्तमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। ईच्छुक फर्म तथा कम्पनीहरुले निम्न बमोजिमको रीत पुर्याइ ठेक्काका लागि शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम वार्षिक ठेक्का अंक(मू.अ.क. बाहेक) | बोलपत्र फारम दस्तुर | संकलन तथा निकासीको परिमाण | शुल्क प्रति क्यू फिट (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|---|---|
| १ | १-२०७९/ ०८० | छरुवा खोलाजन्य ढुंगा, गिटी, बालुवा संकलन गरि बिक्री गर्ने कार्य | रु.१९,२२,९००८।– | रु.१,०००।- (पछि फिर्ता नहुने गरी) | शिलबन्दी दरभाउपत्र पुस्तिकामा उल्लेख भए बमोजिम) | शिलबन्दी दरभाउपत्र पुस्तिकामा उल्लेख भए बमोजिम) |
| २ | २-२०७९/ ०८० | तमोर नदी खोलाजन्य ढुंगा, गिटी, बालुवा संकलन गरि बिक्री गर्ने कार्य | रु.१९,९६,२६०।– | रु.१,०००।- (पछि फिर्ता नहुने गरी) | शिलबन्दी दरभाउपत्र पुस्तिकामा उल्लेख भए बमोजिम) | शिलबन्दी दरभाउपत्र पुस्तिकामा उल्लेख भए बमोजिम) |

१. दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १५दिन भित्र उपयुक्त बमोजिमको दस्तुर तिरी यस कार्यालयबाट कार्यालय समयमा खरिद गर्न सकिने छ ।
२. दरभाउपत्र साथ आफूले कबोल गरेको अंकको ३% ले हुन आउने रकम यस कार्यालयको नबिल बैंक लिमिटेड, राजारानी, धनकुटा स्थित धरौटी खाता **GA.3** २२५०१०१७५०००१९ मा जम्मा गरेको सक्कल भौचर साथै राखि खाम बाहिर प्रस्ट बुझिने गरी ढंगा गिटी बालुवा संकलन तथा बिक्रि कार्यको दरभाउपत्र उल्लेख गरी शिलबन्दी नम्बर प्रमाणपत्र तथा कर चुक्ताको प्रमाणपत्र समेत समावेश हुनुपर्नेछ । बोलपत्र फारम सूचना प्रकाशित भयको १५ औं दिनको कार्यालय समय भित्र मात्र खरिद गर्न सकिन्छ । खरिद भएको बोलपत्र सइ स्पस्ट सँग भरी शिलबन्दी लाहाछ्राप लगाई यो सूचना प्रकाशित भएको १६ औं दिनको १२.०० बजे भित्रमा यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । संशोधन पेश गर्न चाहेमा १६ औं दिनको १२.०० बजे भित्र संशोधन पेश गर्नुपर्नेछ ।

**थप जानकारीको लागिः Email: chaubisegapa@gmail.com**
फोन नं. ०२६-४११०३२/४११०३३, मोबाइल नं. ९८५२०६२४०२, फ्याक्स नं. ०२६-४११०३२



## Barahatal Rural Municipality
## Office of The Rural Municipal Executive
**Kunathari, Surkhet**
**Karnali Province**

## Invitation for Sealed Quotation

**Sealed Quotation No :-BRM/SQ/GOODS/079/80-04**
**First Date of Publication: 2079/10/22(5th Feb,2023)**
**Last Deadline for Submission bid document: 2079/11/08(20th Feb, 2023), 12:00 Noon**
**Bid Opening Date: 2079/11/08(20th Feb, 2023), 1:00 PM**

Barahatal Rural Municipality, office of the municipal executive ,Surkhet invites open competitive bidding from eligible Bidders for the Contracts named below:

| S.N | Contract Identification Number/SQ Number | Work Description / Name of Project | Estimate Amount With VAT, (NRs.) | Bid Security amount (NRs.) | Bid Security Validity Period | Bid Purchasing Fees ( NRs) |
|---|---|---|---|---|---|---|
| 1 | BRM/SQ/ GOODS/079/80-04 | Procurement of Steel parts and Fixtures for Haterighat Bridge. | 1296901.28 | 35000 | 75 Days | 1000 |

1. Eligible Bidders may obtain further information at the office of Barahatal Rural Municipality ,Office of the Rural Municipal Executive ,Kunathari Surkhet Or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
2. Bidder have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of Bank : Nabil Bank Ltd.**
   **Name of Office : Barahatal Rural Municipality, Kunathari, Surkhet**
   **Office Code no : ग 1.1**
   **Internal Revenue (Aantarik Rajaswa)Account no :-06901017500346**
3. Electronic bids must be submitted to Barahatal Rural Municipality ,Office of the Rural Municipal Executive ,Kunathari, Surkhet through PPMO website www.bolpatra.gov.np/egp. On or before 12:00 Noon. On 2079/11/08(20th Feb, 2023)
4. Electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 2079/11/08(20th Feb, 2023) at Barahatal Rural Municipality ,Office of the Rural Municipal Executive ,Kunathari, Surkhet . If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
   If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. 06901017500361, Barahatal Rural Municipality, Kunathari, Surkhet on Name of Bank :- Nabil Bank and submit bank deposit voucher along with the bid.
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Matters not covered in this notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**Chief Administrative officer**

# बक्स अफिस समाचार

## दशरथ रंगशालामा मंगलबार 'नेभरल्याण्ड कन्सर्ट' हुने

**काठमाडौं / मस-** फागुन ९ गते मंगलबार काठमाडौंको दशरथ रंगशालामा सांगीतिक कार्यक्रम 'नेभरल्याण्ड कन्सर्ट २०२३' हुने भएको छ । काठमाडौंमा पत्रकार सम्मेलन गर्दै यसबारेमा जानकारी दिइएको हो ।

कन्सर्टमा भारतका चर्चित कलाकार किङ, डिभाइन, आस्था गिल र श्रुष्टि तवाडेले लाइभ प्रस्तुति दिने भएका हुन् । आयोजक आइ लाइभ नेपालले 'नेभरल्याण्ड कन्सर्ट' गीत, संगीत मन पराउनेहरुका लागि एक अनौठो महसुस गर्ने ठाउँ बनोस् भन्ने उद्देश्यले राष्ट्रिय र अन्तर्राष्ट्रिय कलाकार समेटेर आयोजना गर्न लागेको जनाएको छ ।




पत्रकार सम्मेलनमा बोल्दै आइ लाइभ नेपालका प्रवक्ता रविन्द्र कार्कीले कार्यक्रमले नेपालको गीत संगीतलाई माथि लैजान सहयोग पुग्ने र नेपालमा सांगीतिक पर्यटनको विकासमा पनि सहयोग पुर्‍याउने अपेक्षा राखिएको बताए । उनले नेभरल्याण्ड कन्सर्ट नेपाली समाजमा नयाँ र प्रभावकारी हुनेमा विश्वस्त रहेको पनि बताए ।

'नेभरल्याण्ड कन्सर्ट' अगाडि आयोजकले क्लब बिट समेत राखेको छ । रोड टु नेभरल्याण्ड नाम दिइएको यो कार्यक्रममा १७ फेब्रुअरीमा नेपाली गायक नविन के भट्टराई र अकिल सचदेवा र १८ फेब्रुअरीमा सिक्किमका र्‍यापर युएण्डबी क्लव प्लाटिनममा प्रस्तुत हुनेछन् । ग्ल्याबो ल्होसारको अवसर पारेर आयोजना हुन लागेको 'नेभरल्याण्ड कन्सर्ट'को सुरक्षाका लागि ३०० बाउन्सर खटिने प्रवक्ता कार्कीले बताए । ५ सयदेखि २५ हजारसम्मको टिकट रहेको कार्यक्रमको टिकट खल्ती एपबाट काट्न सकिने उनले बताए ।

नेभरल्याण्ड कन्सर्टका लागि स्टेज तथा म्युजिक सिस्टम भारतबाट मगाइएको प्रवक्ता कार्कीले बताए ।

## 'नम्बरी सुन'को छायांकन शुरु

**काठमाडौं / मस-** राजु गिरीको निर्देशन रहने फिल्म 'नम्बरी सुन'को छायांकन शुरु भएको छ । शुक्रबार श्रीकाली चौरस्थित मन्दिरमा पुजाआजा गर्दै एक गीतबाट फिल्मको छायांकन शुरु गरिएको हो । गीत छायांकनका लागि ठूलो खर्चमा सेट तयार पारिएको छ । फिल्मका मुख्य अभिनेता गौरव पहारी र अभिनेत्री नम्रता सापकोटा फिचरिङ हुने गीतको कोरियोग्राफर रामजी लामिछाने हुन् ।



नारायण खातीको कथा तथा प्रस्तुतिमा निर्माण हुने फिल्ममा सरोज खनाल, राजाराम पौडेल, बुद्धि तामाङ, किरण नेपाली, सविन बास्तोला, विनोद न्यौपाने, गीता अधिकारी, स्मृती ओली, अस्मिता बस्नेत, नारायण खाती, लक्ष्मण विक्रम बस्नेत, माया श्रेष्ठ, हिरादेवी श्रेष्ठ, रोजिना कार्की, संगीता शर्मा, आशा भारती र अनिता गिरीलगायतको पनि अभिनय रहनेछ । फिल्ममा काजल गिरी, कंगना गिरी, विमर्ष कुँवर, सक्षम गहतराज, श्रीयान्स खातीलगायत बाल कलाकारमा छन् । सुवर्ण शिभान्स प्रोडक्सनको ब्यानरमा सरोज खाती, सविन खाती र मनोज रिजाल निर्माता रहेको फिल्मको पटकथा तथा संवाद शिवम् अधिकारीले लेखेका हुन् ।

'नम्बरी सुन'मा अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत, दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व निर्देशन रहनेछ भने मुख्य सहायक निर्देशनमा जीवन गौतम छन् । अनिष अधिकारी प्रोडक्सन म्यानेजर रहेको फिल्मको लमजुङको भुजुङ्ग गाउँ, मनाङ र काठमाडौंका विभिन्न ठाउँमा छायांकन हुनेछ ।


# Romania मा महिला तथा पुरुषहरुलाई रोजगारी

कम्पनी: **MLS Invest Trading SRL., Romania**

पूर्व स्वीकृती मिति २०७९।०२।२४ | चलानी नं. ६०१८०५७७ | LT.No. 264481 | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 30 | 0 | काममा दक्ष | 650 | ८४,९०९।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cook Helper | 70 | 10 | | 550 | ७१,८४६।- | | | | | | | |
| 3 | Sales Assistant | 0 | 10 | | 550 | ७१,८४६।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.४०,०००।- |

अन्तर्वार्ता २०७९ माघ २९ गते (12 Feb., 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बिद्धनगरमा सम्पर्क राख्नु होला ।

APPS Govt. Lice. No.: 1172/073/074

**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
Email:- infoapps1172@gmail.com



# VACANCY ANNOUNCEMENT

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

- Manager : 1 (M/F)
- Office Secretary : 2 (M/F)
- Receptionist : 2 (M/F)

SALARY Negotiable

Interview will be held on Monday, February 06, 2023

**Contact No.:9801136661**

**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ०११/०५३/००५४
पि.ओ.बक्स: ३२११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक),फ्याक्स: ४४६६९५५,
Email: cv.annapurna@gmail.com, Url: www.annapurnaservices.com
Right People For Right Job At The Right Time



# मलेसियामा रोजगार

कम्पनी : IRON PLEDGE PROTECTION SDN BHD (1047839-V)
शहर : SUBHANG JAYA

पूर्व स्वीकृत मिति:२०७९/०६/२५ | चलानी नं.:६०१८८९७५ | LT. No.: 273252 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 42 | 0 | स. काममा दक्ष | 1500 | ४६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २९ गते (12 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

SEVEN SEAS
**Seven Seas Intercontinental Services Pvt. Ltd.**
Lic No.888/067/068 दाई कम्प्लेक्स, गुहेश्वरी, काठमाडौं, Phone : 01- 5107440
Mobile: 9801650007, 9801650001, 9801650009,
E-mail : info@smanpower.com / Web.: www.smanpower.com



# जापानमा रोजगारको अवसर

१. कम्पनी: SHIMABARA PENINSULA MUTUAL PROSPERITY BUSINESS COOPERATIVE शहर: Japan,IMAGAWAMACHI
